## निर्मला हत्याकाण्ड देशकै कलंक

काठमाडौं । आफ्नी छोरी निर्मलाका हत्यारालाई प्रहरीले नै संरक्षण गरेको दाबी गर्दै न्यायको खोजीमा निर्मला पन्तका बाबु आमा यज्ञराज र दुर्गादेवी राजधानीमा आएका छन् । 'न्याय नपाए गोर्खा जानु' भन्ने उक्ति न्यायप्रेमी राजा राम शाहका पालामा चलेको थियो । कञ्चनपुरमा न्याय हराएपछि न्याय खोज्दै पन्त दम्पती काठमाडौं आएका छन् । न्याय हराएकै कारण कञ्चनपुरका महिलाले तीजजस्तो रंगीन पर्वमा समेत कालो कपडा लगाएर विरोध बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## सीमा समस्या समाधान गर्न प्रमको निर्देशन

काठमाडौं । प्रधानमन्त्री केपी ओलीले नेपाल-भारतबीचको सीमा समस्या समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री ओलीले दुई मुलुकबीचको सीमा समस्या समाधान गर्न हालसम्म प्राप्त ऐतिहासिक तथ्य र नक्सालाई मुख्य आधार बनाउन पनि नापी विभाग नेतृत्वको नेपाल-भारत अन्तर्राष्ट्रिय सीमासम्बन्धी समस्या समाधान गर्न गठित कार्य दललाई सचेत गराएका छन् । प्रधानमन्त्री ओलीले नापी विभागसहितका सम्बन्धित निकायलाई उक्त निर्देशन दिएका हुन् ।

वर्ष ७ अंक २२, २०७५ साल भदौ २९ गते शुक्रबार, नेपाल संवत् ११३८ (Sept. 14, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# प्रचण्डको दिल्लीयात्रा ओलीलाई झट्का

काठमाडौं । नेकपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पार्टीलाई थाहै नदिई दिल्ली भ्रमण गरेको घटनाले नेकपाभित्र हल्लीखल्ली मच्चिएको छ । देश हाँकिरहेको बाम सरकारको पाइलटको हैसियतमा रहेका प्रचण्डको रहस्यमय दिल्ली सयरले ओली नेतृत्वको सरकारको आयु मापन मात्र गरेको छैन नेकपा सग्लो रहन नसक्ने संकेत गरेको छ । उनले भारतीय नेताहरुसँग पार्टी एकीकरणको बेलिविस्तार सुनाउँदै प्रधानमन्त्री केपी ओलीसँग भएको 'वान टु वान' गोप्य सहमति समेत भारतीय मिडियाद्वारा सार्वजनिक गराएका छन् ।

प्रचण्डले दुई वर्षपछि पार्टी अध्यक्ष वा प्रधानमन्त्रीमध्ये एक आफूले पाउने पार्टी एकताका बेला प्रधानमन्त्री ओलीसँग सहमति भएको खुलासा गरेका छन् । उनले दुवै पद पनि पाउन सक्ने सम्भावना रहेको समेत भन्न भ्याएका छन् । हिन्दुस्तान टाइम्सको अनलाइन संस्करणलाई अन्तर्वार्ता दिँदै गत जेठ ३ मा भएको पार्टी एकीकरणका बेला तत्कालीन एमाले अध्यक्ष केपी ओलीसँग सो सहमति भएको बताएका छन् । सहमतिअनुसार ओली अहिले प्रधानमन्त्री भएका हुन् र दुवैले दुई वर्षसम्म समान हैसियतमा अध्यक्ष पद सम्हाल्ने सहमति भएको हो । दाहालले अनलाइन संस्करणलाई अन्तर्वार्ता दिँदै भनेका छन्- यो सरकार दुई वर्ष पुगेपछि केपी ओलीले प्रधानमन्त्री पद छोड्नुहुन्छ । महाधिवेशनसम्म दुवै अध्यक्ष हुने छौं, यसमा हामीबीच कुनै विवाद छैन । सहमति पालना नभए के गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा उनले बताएका छन् यदि सहमति पालना नभए दुई वर्षपछि नै निर्णय गरिने प्रचण्डले बताएका छन् ।



चीनले नेपालका सबै कम्युनिस्ट पार्टीहरु एक भएको हेर्न चाहेको तर दुई पार्टीको एकतामा चीनको कुनै दबाब नरहेको प्रचण्डले स्पष्टीकरण दिएका छन् । उनले शान्ति प्रक्रियाको सुरुदेखि नै दुई पार्टीबीच एकताको कुरा चलेको जिकिर गरेका छन् । दुई पार्टीबीचको एकता नितान्त घरेलु आवश्यकताले जन्माएको प्रक्रिया भएको उनको दाबी छ । चीनले जहिले पनि नेपालका सबै कम्युनिस्टहरु एक भएको हेर्न चाहेको छ- प्रचण्डले भनेका छन्- यो सबै कम्युनिस्ट पार्टीहरुको एकता पनि हो । प्रचण्डले एमाले माओवादी केन्द्र बाहेकका माले, नेकपा विप्ल व समूह, नेमकिपा, नेकपा मसाल लगायतका अन्य वाम समूहबारे भने केही बताएका छैनन् । दुई पार्टीबीचको एकतालाई सबै कम्युनिस्ट पार्टीहरुको एकता भन्नु अन्य वाम पार्टीहरुको अस्तित्वलाई अस्वीकार गर्नु हो ।

प्रचण्डले नेपालको राजनीतिमा जहिले पनि भारतीय र चिनियाँ कार्ड खेल्ने हल्ला चलेको बताउँदै त्यसमा सत्यता नरहेको उल्लेख गरेका छन् । प्रचण्डले चीनसँग पछिल्लो समयमा विभिन्न क्षेत्रमा सहकार्य र गतिविधि बढेको भए पनि नेपालको आर्थिक गतिविधिमा भारत अझै मुख्यकर्ता भएको बताएका छन् । प्रचण्डले कांग्रेससँग ५०।५० मा कुरा नमिलेपछि तत्कालीन एमालेसँग चुनावी गठबन्धन बनाएको बताएका छन् । कांग्रेसले हामीलाई १५ देखि २० प्रतिशत मात्र दिन सकिने जनायो जबकि एमालेले हामीलाई ४० प्रतिशत प्रस्ताव गर्‍यो । उनले भनेका छन्- चार दिने भारत भ्रमणका क्रममा प्रचण्डले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुष्मा स्वराज, पूर्वप्रधानमन्त्री एवं भारतीय राष्ट्रिय कंग्रेस नेता डा.मनमोहन सिंह र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । प्रचण्डले आफू भारत भ्रमणमा जाने कुरा २१ गते बिहान मात्र प्रधानमन्त्री ओलीलाई जानकारी गराएका थिए । ओलीले प्रचण्डको भारत भ्रमणप्रति कुनै प्रतिक्रिया नजनाएको बालुवाटार स्रोतले बताएको छ । उनी २१ भदौदेखि २४ भदौसम्म भारत भ्रमणमा थिए । भ्रमणबाट फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै भारतीय नेताहरुले दुईतिहाई बहुमतको सरकारको पार्टी अध्यक्षको सम्मानमा कुनै कसर बाँकी नराखेको प्रतिक्रिया दिएका थिए । प्रचण्ड आफ्नो भारत भ्रमणबाट निकै उत्साहित देखिन्थे । उनलाई दिल्लीले ग्रिन सिग्नल दिएको सहजै अनुमान लगाउन सकिन्थ्यो ।

प्रचण्ड दिल्ली भ्रमणबाट फर्किएर प्रधानमन्त्री ओलीलाई बालुवाटार पुगेर आफ्नो भ्रमणबारे ब्रिफिङ गरे पनि ओलीले कुनै प्रकारको प्रतिक्रिया नदिएको, प्रचण्डको सप्रसंग व्याख्या केवल श्रवण मात्र गरेको बालुवाटार सम्बद्ध स्रोतले बतायो । पार्टीको सचिवालय बैठकमा पनि प्रचण्डले भ्रमणबारे जानकारी गराए । तर उनको दिल्ली भ्रमण र त्यहाँ भएको उच्चस्तरीय संवादलाई विशेषतः ओली पक्षले सामान्य रुपमा नलिएको बताइन्छ । प्रचण्डको दिल्ली यात्राले पार्टी एकीकरणको गति र सत्ता समीकरणमा समेत ढिलो चाँडो असर पर्ने चर्चा नेकपाभित्र चलिरहेको छ । ओलीको विकल्पमा दिल्लीले प्रचण्डको उपयोग गर्न सक्ने नेकपाभित्रको ओली पक्षले आशंका गरेको बाँकी ८ पेजमा

## उत्तर कोरियालाई शुभकामना



काठमाडौं । नेपाल कोरिया मैत्री संघ र नेकपा (माले) को संयुक्त आयोजनामा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको ७० औं स्थापना दिवस माले केन्द्रीय कार्यालयको सभा हलमा एक समारोहको आयोजना गरी मनाइयो । ९ सेप्टेम्बर १९४८ मा स्थापना भएको कोरियाले सत्तरी वर्षको अवधिमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुबारे कार्यक्रममा चर्चा गरिएको थियो । नेकपा मालेका महासचिव तथा नेपाल कोरिया मैत्री संघका अध्यक्ष सीपी मैनालीले सभापतिको आसनबाट कोरियाली जनता तथा कोरियाका सर्वोच्च नेतालाई शुभकामना व्यक्त गर्दै कोरिया स्थापनाका लागि भएका विभिन्न संघर्षका आयामहरुबारे चर्चा गर्नुभएको थियो । जापानी उपनिवेशको विरुद्धमा सन् १९३२ देखि १९४४ सम्म १३ वर्षको अवधिभर लडेर कमरेड किम इल सङ्ले विजय बाँकी ८ पेजमा

## प्रेसमाथि प्रहरी आतंक, शाही शासनको झल्को

काठमाडौं । विभिन्न कालखण्डमा भएका लोकतन्त्र र प्रेस स्वतन्त्रताका लडाइँमा पत्रकारहरुले समाचार मात्र लेखेनन्, प्राणको आहुति समेत दिएका थिए भने पत्रकारले प्रहरीको डन्डा, अश्रुग्यास, बुट र गोली समेत खाएका भिडियो फुटेजहरु अहिले पनि हेर्न सकिन्छ । राजनीतिक दलहरुसँगै प्रेसले पनि सबै खाले निरंकुशताका विरुद्ध संघर्ष गरेकै कारण देश संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको अवस्थामा पुग्यो भने सडकबाट नेताहरु रातारात झन्डावाला गाडीमा पुग्न सके । आज तिनै लोकतन्त्रवादी नेताहरु प्रेस जगतमाथि डन्डा चलाउँदै बिर्सिन थालेको शाही शासनको झलक दिन तम्सिएर लागिपरेका छन् । समाचार लेखेकै आधारमा खोजतलास साप्ताहिक तथा खोजतलास न्युज डट कमका प्रधान





सम्पादक राजु बस्नेतलाई प्रहरी हिरासतमा राखिएको छ भने वरिष्ठ पत्रकार तथा दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठलाई समेत महानगरीय प्रहरी परिसर ललितपुरले पुर्जी काटेर उपस्थित गराई बयान लिएर छाडिदिएको छ ।

खोजतलासले दृष्टि साप्ताहिकमा प्रकाशित 'जनप्रतिनिधि कि जग्गा दलाल' शीर्षकको समाचार साभार गरेर प्रकाशित गरेको थियो । सत्तामा बस्नेहरुले गरेका कुकृत्य ढाकछोप गर्ने उद्देश्यले प्रेसलाई अंकुश लगाउने गरी मुलुकी आचारसंहिता समेत ल्याइएको छ । आचारसंहिताको विरोध गर्दा प्रधानमन्त्री लगायत संहिता पक्षधर नेताहरु भन्ने गर्छन्- बाँकी ८ पेजमा

समय-सन्दर्भ

## नेपालप्रति झनै कठोर बन्ने भारतीय संकेत

किरण थापा

भारतले आयोजना गरेको पुणेको बिमस्टेक सैन्य अभ्यासमा नेपाल सहभागी नभएपछि भारत नेपालसँग आक्रोशित देखिएको छ । सेप्टेम्बर १० बाट सुरु भएको सो सैन्य अभ्यास १६ सेप्टेम्बरसम्म चल्नेछ । काठमाडौंमा आयोजित बिमस्टेक शिखर सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिमस्टेक संयुक्त सैन्य अभ्यास हुन गइरहेको जानकारी गराएका थिए । सरकारले निर्णय गर्नुअघि नै सरकारभन्दा अघि बढेर सेनाले संयुक्त सैन्य अभ्यासमा सामेल हुने बताएको थियो । सेनाको सो निर्णयको चौतर्फी विरोध भएपछि सेना ब्याक भयो । स्वयं प्रधानमन्त्री ओली सैन्य अभ्यासमा नेपाल रहने भन्दै थिए । तर नेकपाभित्र यसको व्यापक विरोध भएपछि प्रधानमन्त्रीले अभ्यास होइन, तालिम मात्र भन्दै कुरा फेरे । सैन्य अभ्यासको पूर्व सन्ध्यामा नेपाल बिमस्टेक संयुक्त सैन्य अभ्यासमा सहभागी नहुने निर्णयमा सरकार पुग्यो । आसियन मुलुक थाइल्यान्ड पनि सहभागी नहुने भयो । यस विषयलाई भारतीय संस्थापन पक्षले आफ्नो बेइज्जत भएको ठान्यो । भारतीय राजदूत मन्जिब सिंह पुरीको



विशेष अनुरोधपछि सो सैन्य अभ्यासमा नेपाल पर्यवेक्षकको रुपमा सहभागी हुन मन्जुर भयो ।

अर्धसहरी क्षेत्रमा प्रतिआतंकवाद विरुद्धको तयारीका लागि आयोजना गरिएको माइलेक्स २०१८ संयुक्त सैन्य अभ्यासमा नेपाली सेनाका तीन अधिकृत पर्यवेक्षकका रुपमा सहभागी छन् । बिमस्टेक संयुक्त सैन्य अभ्यासमा नेपाल सहभागी नहुनु सार्वभौम राष्ट्रको स्वतन्त्र निर्णयका रुपमा हरिनुपर्नेमा कतिपय भारतीय विश्लेषक, कूटनीतिज्ञ र मिडियाहरुले यस विषयलाई चीनसँग जोडेर व्याख्या गरिरहेका छन् । नेपालले पहिले बिमस्टेक सम्मेलनका क्रममा संयुक्त सैन्य अभ्यासमा सहभागी हुने प्रतिबद्धता जनाएर पनि पछि हट्नु उपयुक्त नभएको धारणा भारतीय पक्षबाट सार्वजनिक भइरहेका छन् । भारतले जे चाहन्छ नेपाल त्यसमा सधैं सहमत हुनुपर्ने कुनै कारण छैन । नेपाल इतिहासमा कहिल्यै कसैको पराधिन रहेन । भारतले जस्तो नेपालले स्वतन्त्रता दिवस मनाउनु पर्दैन । नेपालको अस्तित्व २५ सय वर्ष अघिदेखि नै रहँदै आएको छ । इस्वीपूर्व ६००-८०० को अर्थ परिशिष्टमा नेपाल कामरुप -असम, विदेह (मिथिला), उदम्बर अवन्ति (उज्जैन) र कैकेय देशहरुको एकसाथ उल्लेख भएको पाइन्छ । बौद्ध र जैन साहित्यमा समेत बौद्ध भिक्षु र जैन साधु नेपालमा बाँकी ८ पेजमा

## नेपाली भूमि मिचेर सीमा स्तम्भ

काठमाडौं । भारतीय पक्षले नेपाली सीमा अतिक्रमण गर्ने कार्यलाई तीव्रता दिइरहेका छन् । पछिल्लो पटक वीरगन्ज १६ पकैयाघमा नेपाली पक्षको कमी कमजोरीले गर्दा नेपालको भूभाग मिचेर सीमा स्तम्भ नेपाली भूमिमा गाड्न थालिएको स्थानीयले गुनासो गरेका छन् । वर्षौंदेखि खनजोत गर्दै आएको निजी जग्गामा नेपाल भारत संयुक्त सीमा सर्वेक्षण टोलीले स्तम्भ गाडेर नेपाली भूमिलाई भारतमा मिसाउने काम गरेको स्थानीयबासीले आरोप लगाएका छन । सुरुमै सीम संरक्षण टोलीले नापनक्सा गर्दा चित्त नबुझेपछि जिल्ला प्रशासन कार्यालय पर्सालाई जानकारी गराउँदा समेत त्यसबारे कुनै सोधपुछ र कारबाही नगरिएको स्थानीयबासीको भनाइ छ ।

नेपाल पक्षको लापर्बाहीले गर्दा कित्ता नम्बर ३ को २ नम्बर बगर गरी ६० विघाभन्दा बाँकी ८ पेजमा

## चन्द्रमामा बाँच्ने मानवको खोजी

काठमाडौं । संयुक्त राज्य अमेरिकाका आदिवासीले चन्द्रमा मंगल ग्रह उपग्रहमा बस्न र बाँच्न सक्ने प्राकृतिक मानवको खोजी गर्दैछन् । प्राचीनकालमा दैवी र प्राकृतिक मानवहरुको उत्पत्ति, सृष्टि र विकासमा अमेरिकीहरु सक्रिय रहेका छन् । सो काम अमेरिकी आदिवासीहरुबाट सम्भव हुन सक्ने दाबी उनीहरुको छ । लाल द्विपबासी र लाल हिमबासी अमेरिकीहरु हाल चन्द्रमामा बस्ने र बाँच्ने मानिसको खोजीमा लागेको बताइएको छ । सप्तपाताल पृथ्वी ग्रह र उपग्रहहरुको ज्ञान पनि प्राचीन आदिबासीहरुमा रहेको थियो । अहिले अमेरिकामा २७ प्रकृतिका आदिबासीहरु अस्तित्वमा छन् । प्राचीन मानवहरु उच्च पहाड हिमालमा समेत अक्सिजनबिना आवतजावत गर्ने गरेको इतिहास छ । प्राकृतिक र दैवी मानवहरुको सृष्टि र विकासमा अमेरिकीहरु सफल हुने दाबी गर्छन् ।

तीनदेखि २१ पुस्तासम्म पवित्र विवाह गर्भधान र बालबालिका विकासका प्राकृतिक सृष्टिका नियम र संस्कारहरु आदिबासीमा मौलिक संस्कृतिहरु पालन गर्ने वंश र दम्पत्तिका सन्तान प्राकृतिक जन्म उत्पत्ति हुने दाबी अमेरिकीहरुको छ । पशु जनावरहरु कुकर बिरालो बाँदर आदिको गर्भधान प्रक्रिया विधि र नियम पालना भएमा निरोगी दीर्घजीवी र महान सन्तान सृष्टि हुने अमेरिकी आदिबासीको दाबी छ । यसैले परीक्षणका लागि कुकुर बाँदर जस्ता जनावरहरु चन्द्रमामा पठाउने अभ्यास भएको बताइएको छ ।

अमेरिकाले ग्रह उपग्रहहरुमा जाने बस्ने र बाँच्ने प्राकृतिक मानवहरु सृष्टिको लागि संसारका विभिन्न धर्मशास्त्रहरु दर्शनशास्त्र, प्राकृतिक र सृष्टि शास्त्रहरुबीच बहस र प्रतिस्पर्धा समेत गराउने भएका छन् । मंगल चन्द्र ग्रहमा पहिलो बसोबासी र कामकाज गर्ने दैवी मानव विकास र खोजीमा लाखौं अमेरिकीहरु सक्रिय बन्दैछन् । ग्रह उपग्रहहरुको संरक्षण र सुरक्षाका लागि ग्रहहरु रक्षा गर्ने बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# चुरे विनाशप्रति पूर्वराष्ट्रपतिको चिन्ता

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले चुरे क्षेत्रको पर्यावरण संरक्षणको लागि सधैंभरि चिन्ता र चासो प्रकट गर्दै आएका छन् । चुरेको पर्यावरणीय विनाशले तराई मधेसमा निम्तन सक्ने गम्भीर संकटप्रति डा. यादवले राष्ट्रपतिको पदमा हुँदा होस अथवा अहिले पूर्वराष्ट्रपतिको भूमिकामा रहँदा होस् बारम्बार सचेत गराउँदै आएका छन् । हालै एक कार्यक्रममा पूर्वराष्ट्रपति यादवले मदन भण्डारी लोकमार्गको नाममा धरान–गाईघाट, सिन्धुली–हेटौंडा हुँदै बन्ने लोकमार्गका कारण चुरे क्षेत्रमा गम्भीर पर्यावरणीय संकट निम्तने र यसको प्रत्यक्ष प्रभाव तराई मधेसमा पर्ने कुरा बताएका छन् । उक्त लोकमार्ग निर्माण गर्दा हजारौं रूख काट्नुपर्ने र चुरेको कमसल भूभागलाई विकास निर्माणको नाममा बारम्बार खलबल्याउँदा गम्भीर भूक्षयको समस्या निम्तिने र त्यसले तराईको उर्वर भूमि मरूभूमिकरण हुँदै जाने समस्या आउने देखिन्छ ।

एक राष्ट्रिय दैनिकमा प्रकाशित समाचारअनुसार उक्त लोकमार्ग निर्माणका क्रममा १२ हजारभन्दा बढी ठूला रूख काटिइसकेका छन् । झापादेखि डडेलधुरासम्म १२ सय किलोमिटर पूर्व–पश्चिम लोकमार्ग निर्माण गर्ने सरकारको निर्णय कार्यान्वयन गर्न लोकमार्ग निर्माणको कार्य अघि बढिसकेको छ । विकास निर्माणको लागि ठूला रूख काट्नु परेको खण्डमा एउटा रूख बराबर २५ वटा बिरूवा रोप्नुपर्ने मापदण्ड रहे तापनि अहिलेसम्म एउटा बिरूवा पनि रोपिएको छैन । चुरे क्षेत्रमा रूख काटिंदा र डोजर जस्ता उपकरण निरन्तर रूपमा चलाउँदा वातावरणमा ठूलो क्षति पुग्ने गरेको छ । तराईको जल भण्डार संरक्षणमा समेत चुरे क्षेत्रको महत्वपूर्ण भूमिका रहने र पहाडबाट तीव्र रूपमा आएको बाढीको प्रवाह घटाउन समेत चुरे क्षेत्रले भूमिका निभाउने हुनाले चुरेको कमसल बलौटे माटोमा धेरै हलचल गराउनु हुँदैन । चुरे क्षेत्रको महत्व अत्यन्त ठूलो रहेको कुरालाई महाकालीसम्मकै चुरे क्षेत्रलाई संरक्षित क्षेत्रभित्र राख्ने घोषणा गरिएको थियो । 'राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति' को नाममा चुरे संरक्षणका गुरू योजनाहरू पनि अघि बढिरहेका छन् । यति हुँदाहुँदै पनि संरक्षित क्षेत्रलाई गम्भीर असर पुर्‍याउने गरी मदन भण्डारी लोकमार्गको अवधारणा अगाडि सारेर सरकार आफैं पर्यावरणीय विनाशमा उत्रिएको छ ।

चुरेमा भइरहेको विनाशलाई लिएर नेकपा मालेका महासचिव तथा पूर्व उपप्रधानमन्त्री सीपी मैनालीले मदन भण्डारी लोकमार्गको कुनै औचित्य नरहेको बताएका छन् । पूर्व–पश्चिम लोकमार्ग हुलाकी लोकमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग, पूर्व–पश्चिम रेलमार्गको अवधारणा अघि बढेको र कतिपय आयोजना सम्पन्न भइसकेको अवस्थामा चुरेको प्राकृतिक सम्पदा विनाश गराएर काठ, गिटी, बालुवा तस्करी गराई अर्बौं रूपैयाँ गैरकानुनी ढंगले कमाउने उद्देश्यले मात्र चुरे क्षेत्र हुँदै मदन भण्डारी लोकमार्ग बनाउन लागिएको ठहर मैनालीको रहेको छ । बिना कुनै अध्ययन, अनुसन्धान अगाडि बढाइएको उक्त लोकमार्ग खारेज गरी चुरे क्षेत्र संरक्षण गर्नुपर्नेमा थुप्रै वातावरणविद्हरूले सुझाव दिएका छन् ।

बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि पनि ४ लाखभन्दा बढी रूख काट्नुपर्ने आँकडा निकालिएको छ । यसैगरी विभिन्न ठाउँमा भइरहेका साना, ठूला विकास निर्माणमा हजारौं रूख, बिरूवा काटिएका छन् र काटिने क्रम जारी छ । यी सबै ठाउँमा भएका रूख, बिरूवाको क्षतिपूर्ति स्वरूप करोडौंको संख्यामा वृक्षरोपण गर्नुपर्ने हुन्छ । तर अहिलेसम्म वृक्षरोपण कार्यले तीव्रता पाउन सकेको छैन । औद्योगिक राष्ट्रहरूले गरेको पर्यावरण विनाशको दण्ड हामीले भोग्नु परिरहेको छ । अब हामी आफैं पनि पर्यावरण विनाशमा लागि रहेक छौं । विकास गर्दा विनाश पनि सँगसँगै आउँछ तर हामीले पर्यावरणीय दृष्टिकोणले कम क्षति हुने गरी आयोजना छनौट गर्न आवश्यक छ । त्यसैगरी क्षतिको अनुपातमा मापदण्ड अनुसारको वृक्षरोपण गरी हरियाली संरक्षण गर्न आवश्यक छ ।

# बुर्का कि वैधानिक वेश्यालय ?

सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)



जसरी नेपाली युवतीहरुका पोसाक दिनपरदिन छोटो हुँदै गइरहेको छ, त्यसैगरी दिनहुँ बलात्कार र महिलामाथिको हिंसा दिन दुई गुणा र रात चार गुणाले बढिरहेछ । यो हुनुमा वैधानिक वेश्यालयलाई चल्न दिने कानुन नबनेको कारणले नै हो भन्नेहरु उत्तिकै छन् ।

अर्कोतर्फ विगतमा बम्बैमात्र गन्तब्य बनेको देह व्यवसाय गर्ने नेपाली युवतीहरुको नयाँ नयाँ गन्तब्य अन्य देशहरुमा पनि पुगेको समाचार छापामा आइरहेका छन् । नेपालभित्रै पनि मसाज सेन्टर र डान्सबारको नाममा अवैधानिक वेश्यालयहरु चलिरहैकै छन् भने किन चाहँदैन सरकार वैधानिक वेश्यालय चल्न दिन ? ज्ञान र सीप हुनेले त्यही बेच्छन भने शरीर राम्रो हुनेले त्यो बेच्न पाउनु उसको नैसर्गिक मानव अधिकार हो भन्ने पनि कम छैनन । के नेपालमा यौनजन्य क्रियाकलापहरु र अंग प्रदर्शन साँच्चै वर्जित छन् त भनेर प्रश्न राख्दा तलका केही बुँदाहरुलाई मनन गर्नुपर्छ जस्तो लाग्छ :

१) तत्कालिन एमालेका नेता तथा कार्यकर्ता हालका ३ नं प्रदेशका मन्त्री केशव स्थापितले एमाले पार्टी कार्यालयमा नै आफूले ब्लुफिल्म लगेर देखाएको त्यतिखेरको छापाहरुमा आएका थिए । त्यो हेर्नेमा तत्कालिन एमालेका उपल्ला तहका नेताहरु समेत रहेको उनले बताएका थिए । यसले लुकीछिपी यौन क्रियाकलापमा के नेता के कार्यकर्ता सबैलाई उत्तिकै चाख हुँदोरहेछ भनेर प्रस्टै पार्दछ ।

२) तत्कालिन एमालेका वामदेव लगायतका नेताहरुले बैंकक गएर वेश्यागमन गरेको कुरा छापामा आएकै हो, साँच्चै थियो वा थिएन उनीहरु नै जानुन् । आफ्नो देशमा वैधानिक रुपमा धन्दा गर्न नदिने अनि विदेशमा गएर जे पनि गर्ने प्रवृत्ति पनि हामीमा हाबी छ । प्रधानमन्त्री शेरबहादुरले त सांसदहरुलाई बैंकक पठाएकै आधारमा संसदमा विश्वासको पक्षमा मत बटुल्न सफल भए । मन्त्री बलबहादुर केसी पर्खाल मन्त्री भनेर त्यसै कुख्यात भएका होइनन् ।

३) हालका सत्तारुढ नेकपा ब्राकेटका वरिष्ठ नेता माधवकुमार नेपालले प्रधानमन्त्री ओली व्यभिचारी भएको र आफ्नै पार्टीबाट सहिद भएकाहरुको श्रीमती समेत नछोड्ने भनेर बोलेको कुरा पनि सामाजिक संजालमा भाइरल भइरहेको अवस्था छ ।

४) केही वर्षअगाडि महिलालाई वस्तुको रुपमा हेर्न पाइँदैन भनी वामपन्थी नेतृ पम्फा भुषाल लगायतका महिलाहरु जुलुस लिएर सुन्दरी प्रतियोगिता भएको स्थलमा ढुंगामुढा गर्दथे । अहिले त्यही सत्तारुढ नेकपा ब्राकेटका सांसद विरोध खतिवडाकी छोरी मिस नेपाल सुन्दरी बन्दा उनीहरु गर्व गरिरहेको अवस्था उत्ति नै विचारणीय छ ।

५) नेकपा ब्राकेटका दुईमध्ये एक अध्यक्ष प्रचण्डको छोरा प्रकाशले गैरकानुनी रुपमा बहुविवाह गरेको र उसका यौनजन्य व्यवहार अवैधानिक भएको पनि नसुनिएको होइन । उसलाई कहिले कारवाही भएको नेपाली जनताले सुन्न पाएका थिएनन् ।

६) नेपाली फिल्महरुमा कथाले मागेको भन्दै बेड सिनहरु देखाएकै आधारमा नेपाली फिल्म निर्माताहरुले पनि आफ्नो फिल्म व्यवसाय जसोतसो टिकाइरहेका छन् भने कतिले त करोडौं आर्जन गरेको पनि सुन्नमा आएको छ ।

७) नेपाल आउने पर्यटकहरु नेपालमा वैधानिक रुपमा वेश्यागमन गर्न नपाउने र अवैधानिक रुपमा गरेर खतरा मोल्न नचाहेको कारण उनीहरु नेपालको बसाइ छोट्टयाइ बैंककतर्फ जाने गरेको पर्यटन व्यवशायीहरु बताउँछन् ।

८) अवैधानिक रुपमा वेश्यालय चल्न दिँदा प्रहरीहरुको अतिरिक्त कमाइको स्रोत यस्ता वेश्यालय भएको भनेर प्रहरीको निष्ठामा आँच पुर्‍याउने खबरहरु पनि छापामा यदाकदा पढ्न पाइन्छ ।


९) इतिहास खोतल्ने हो भने पनि तत्कालिन शासक राणा र शाहहरुको यौन तुष्टिको लागि दरबारभित्र आम रुपमा भित्रिनी र रखौटी राख्ने परम्परा कायम भई त्यसले निरन्तरता पाएकै हो । आफू युवराजाधिराज भएको कारण आफूले कुनै पनि नेपाली युवतीलाई सुताउन सक्ने भनी दिपेन्द्रले भनेको कुरा बेलायतको सन् म्यागाजिनले पंचायत कालमै छापेको र त्यसका फोटोकपिहरु आमरुपमा गोप्य तवरले वितरण गरेको कारण मानिसहरु पक्राउ परेकै हुन् । पछि नमिता, सुमिता मीरा हत्याकाण्डमा नेपालका दरबारियाहरुको संलग्नता भएको कारण अभियुक्तले कहिले पनि सजाय पाएनन् ।

१०) अस्ति भर्खर नेपाल प्रहरीले एक सेवा ग्राही युवती छोटो कपडामा आएको कारण सेवाबाट वञ्चित गरेको र त्यसो गर्दा उक्त युवतीले आफ्नो मानवअधिकार हनन भएको भनी विरोध गरेको कुरा पनि सामाजिक संञ्जालमा भर्खर भाइरल भइरहेको छ । अर्कोतर्फ बलात्कारको विरोधमा पेटिकोटमा सडकमा उत्रेकी सावित्रीलाई प्रहरीले गरेको अमानवीय व्यवहारले नेपाल सरकार कस्तो समाजको निर्माण गर्न चाहन्छ भन्ने स्पष्ट नभइ भ्रममा रहेको देखिन्छ ।

माथिका दस बुँदामा सिमित गरिएका विश्लेषणहरुलाई अरु त्यस्तै धेरै उदाहरणहरु दिएर तन्काउन नसकिने होइन । कुरा कि त यौन व्यवसायलाई पुरै वैधानिक गर्नुपर्‍यो जसबाट सरकारले मनग्गे राजस्व पनि उठाउन सकोस र बलत्कार गर्नुपर्ने बाध्यताको पनि अन्त्य होस् भन्ने हो । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले यौन व्यवसायलाई व्यवस्थित बनाउन यौनकर्मीलाई परिचयपत्रको व्यवस्था गर्नुपर्ने बताएका छन् । उनले होटल संघ नेपालले पोखरामा गरेको कार्यक्रममा रेडलाइट एरिया हुनुपर्ने या यौनकर्मीलाई परिचयपत्र दिएर व्यवस्थित गर्नुपर्ने अवधारणा अघि सारेका छन् ।

जसरी तीन महिनाभित्र गर्भपतन गराउन कानुनी रुपमा छुट छ, परिवार नियोजनका अस्थायी साधनहरुको उत्पादन र बिक्रिमात्रै नभई कृत्रिम यौनाङहरुको खुला रुपमा काठमाडौं सहरमा आयात भई बिक्रि समेत हुन थालिसकेको छ भने के गणतन्त्रको सरकार नेपाली युवतीलाई बुर्कायुगमा फर्काउन सक्छ ? सक्तैन भने किन नौटंकी देखाइरहेको छ जस्को कारण बलात्कार र हत्याका घटनाहरु दिन पर दिन बढ्दै छन् । रोज्नु पर्‍यो अब नेपाली गणतन्त्रका शासकहरुले बुर्काकी वैधानिक वेश्यालयमध्ये एक भनेर ।

# दु:ख पाएको साथीसँग



जगदीश लामिछाने
रौतहट, पौराई

यो संसार अनौठो रहेछ । तिम्रो हृदयको सानु अन्तर कुन्तरमा लुकेको एउटै वस्तुले चलायमान हुँदोरहेछ । तिमीले अलिकति होस पुयाएको भए यस्तो सकसमा म बाँच्नुपर्ने थिएन । कसले तिम्रो मन त्यतातिर बराली दिएछ । त्यहाँ त अलिकति उज्यालो चाहिन्थ्यो, अँध्यारो भएछ । थोरै छेउमा भएको सद्भाव चाहिन्थ्यो त्यो सद्भाव छेउ लागेछ । तिमीजस्तै अध्यापकले डाक्टरले वैद्यले पढ्दा त म जस्तै असमर्थकै सहयोग गर्नुपर्छ भनी पढेको हो । पढी सकेपछि पनि आफ्नो विद्या अविद्या बनाउनु हुँदैन भनेर एक पटक होइन, धेरै पटक आफ्नो शिक्षक परमेश्वरलाई विश्वास दिलाएको हो । आफ्नो मनमा उज्यालै लिएर पछि परन्तुसम्म पछुताउ नपर्ने गरी विद्यालाई अविद्या बनाउँदिन भनिएकै हो । तैपनि स्वास्थ्यलाई अस्वस्थ्य बनाउनु र सद्भावलाई बिटुल्याउन मनको अन्तरकुन्तरमा रहेको मैलोलाई अझै मैलो बनाउन सुस्वास्थ्यको घेरा पन्छाएर भोलिको राम्रो आफ्नो बाटो आफैंले छेकेर एउटा डाक्टर स्वास्थ्य विरोधी भएछ । एउटा प्राध्यापक आफ्नो ज्ञानबाट पन्छिएछ । एउटा चिरफार विशेषज्ञ सर्जनले आफ्नै विद्या विसर्जन गरेछ । त्यहीँ केवल विज, धन, पैसा मात्र मनमा फुरेछ योग भएनछ, अमृत भएनछ । बिरामी तिम्रै दुर्नियतले मरेछ । यो देशमा डाक्टर पैसामुखी भएछ । तिम्रै ज्ञान कर्तव्यमुखी भएनछ । अमृत पन्छिएछ । विष अघि सरी बिषमै अर्को बिरामी अझै बिरामी भएछ । मर्ने आँटेछ । उसको ज्ञान अज्ञान बनाइएछ । अमृत ल्याउ विष पन्छाउ हुन्न र ?

सिकर्मीले झ्याल ढोका बनाउँदा, डकर्मीले गाह्रो लगाउँदा नकर्मीले फलामका थरीथरीका समान बनाउँदा अथवा सुनारले सुनारले गहना बनाउँदा उज्यालो बन्द नहुने गरी बनाए हुन्थ्यो । घर सजिलै हुने बनाए हुन्थ्यो । ईश्वरको दर्शन गर्न पाउने गरी सीप फुराए हुन्थ्यो । हृदयमा लाखौं तारा उदाएर आफैंलाई आनन्दित गराएर आफ्नो जीवन पनि रक्षा गरेर बाँसका खटखटमा बसिदिए हुन्थ्यो । आफ्नै हृदयमा भएको ईश्वर पनि साक्षी राख डकर्मी हो रक्षा त आफ्नो र अरुको एकैचोटि गर्नुपर्छ होइन र ?

काठमा बुट्टा हाल्ने सिकर्मीले पनि सीपतिरै मन लगाए हुन्न र ? आँसु चुहाइ चुहाइ रोयौं भने काठका बुट्टा बिग्रन्छ । फलाम, सुन चाँदी र हिरा मणि माणिक्यका काम गर्दा त्यसलाइ ईश्वरार्पण गरिदिए हुन्न ? तिम्रो आफ्नै मन उज्यालो हुने हो, ईश्वरलाई त लिनु पनि छैन । दिनु पनि छैन । तिमीले जति काम गर्छौ त्यति दिने हो । कसैलाई घटीबढी दिने अधिकार ईश्वरलाई पनि छैन । किन मोलमोलाइ गर्छौ ? निर्माणकर्ता इन्जिनियरहरुले घूस मागेर उसले पनि त अर्कैको बनाइदिने हो । कामदारलाई तोकिएकोभन्दा बढी ज्याला दिँदा सिकर्मीको बुट्टा बिग्रिएला, डकर्मीको गाह्रो बिग्रिएला, नकर्मीले फलाम अन्यत्रै लैजाला । सुनार रत्नकारले खराब काम गर्ला । यसले अभियन्ता इन्जिनियर आफ्नै विरोधी भएन र ? घूस समाउने विचारै नगरिदिए तिम्रो ज्ञान मर्ने थिएन । तिम्रै ज्ञान बिटुलिने थिएन । वीजहरु नबिगार, नकुहाउ । अमृतमय संसारमा विषको राश नलगाउ । विषले मार्दछ तिम्रै विद्या अरुको होइन ।

कर्म, विकर्म र अकर्मले घेरिएको संसार छ । त्यहाँ कर्म मात्र मागिएछ भने ईश्वरार्पण हुन्छ । थोरै अकर्म मिसिएपछि त्यहीँ भद्रगोल हुन्छ । अकर्मले बिटुलो भएको काम लिकबाट पन्छिएको रेल जस्तो बाटो छोडेर पर गएको यान जस्तो आकाशमा गतिहीन भएको वायुयान जस्तो अथवा मर्नु न बाँच्नु भएको प्राणीजस्तो पथभ्रष्ट भइँदोरहेछ । कर्मचारीहरुले मनमा दुर्नियत चिताएर दु:ख दिने उद्देश्यले कहिले जाला घाम भन्दा रहेछन् । उद्यमी व्यवसायीहरु जनतालाई झुक्याउने उपायमा मिसमास गरेर आफ्नै उद्योग बिगार्दा रहेछन् । कृत्रिम खुट्टाले आकाशमा हिँड्न सकिन्छ भन्दा रहेछन् । त्यहाँ त हावा काट्ने छिचोल्ने पखेटा पो बनाउनु पर्थ्यो । अथवा हावामा तौरिने जुक्तिबुद्धि भइदिएको भए सम्पूर्णको भलो हुने थियो ।

यातायातमा थोत्रा मोटर चलाइ धन कमाउँछु भन्नभन्दा त्यसैलाई पुनरुत्पादन गरे हुन्न र ? संगठनहरुले अर्को संगठनलाई शोषण गर्छु भन्नेले विश्व संगठनकर्ता ईश्वरको डर मानिदिए हुन्न र ? यस्तै नारीहरुले आफ्नै बालबालिकाको हितविरोधी हुनुभन्दा तिनै बालबालिका पछि आफूलाई आश्रयदाता हुन्छन् भनी सोचिदिए हुन्न र ? एउटी युवतीले पुरुषको साथ किन खोज्छिन् ? त्यहाँ हिंसा पन्छाउन त ठिकै हो प्रत्येकको सुरक्षा युवायुवतीले सम्झिनैपर्छ । प्रत्येक कर्मचारीले काम नै परमेश्वर हुन् । प्रत्येक व्यवसायीले व्यवसायकै विरोधी आफू हुनु नपरोस् । प्रत्येक अभियन्ता इन्जिनियरले आफ्नै अभियान आफ्नै विरोधी नहोस् भनी कहिले यो देशमा लाग्ने होलान् । हामी आफ्ना साथमा भएका अमृतबाट विष पैदा गरेर आफ्ना कारणले आफ्नै कुभलो गर्नुपर्ने दिन कहिले घट्ला ? यत्ति त विचार गर्नुपर्ने हो कि ? किनभने गीतामा 'वीजं मां सर्वभूतानां विद्धि मामा ममृतोद्भवम ॥ भनिएकै छ । त्यसैले आफ्ना विरुद्ध आफैं विष पैदा नगरौं ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–१५

एङ्गेल्समोर्गनको भनाइ उद्धृत गर्दै लेख्छन्– "परिवारले क्रमिक रूपमा आफ्ना चार रूपहरू पार गरिसकेको छ र अब पाँचौंरूपमा छ भन्ने तथ्य स्वीकार गर्ने हो भने प्रश्न उठ्छ 'के भविष्यमा यो रूप लामो अवधिसम्म टिक्न सक्ला ?' यसको एउटै उत्तर हुन्छ– जस्तो अतीतमा भएको थियो, त्यस्तै किसिमले सामाजिक विकासअनुसार यो रूप पनि बदलिँदै जानुपर्छ । निश्चित सामाजिक व्यवस्थाले जन्माएको यस रूपले त्यसै अवस्थाको विकासको स्थिति प्रतिबिम्बित गर्नेछ । सभ्य युगको थालनी भएदेखि एकनिष्ठ परिवार निकै परिष्कृत भइसकेको छ र आधुनिक युगमा यो कुरा टड्कारो रूपमा देखा परेको छ । तसर्थ कम्तीमा पनि के अनुमान गर्न सकिन्छ भने परिवारको यस रूपले त्यस बेलासम्म विकास गर्दै जाने क्षमता राख्छ, जबसम्म नारी र पुरूषबीच पूर्ण समानता कायम हुनेछैन । सुदूर भविष्यमा एकनिष्ठ परिवार समाजको आवश्यकता पूर्ति गर्न असमर्थ भएमा परिवारको कुन रूपले यसको स्थान लिने हो भन्ने कुराचाहिँ अगिबाटै भविष्यवाणी गर्नु असम्भव छ ।" (उही)


कुनै पनि तथ्यपूर्ण भौतिक आधारबिना भविष्यको विषयमा केही भन्न सकिन्न । भावी मानव समाजले कस्तो पारिवारिक स्वरूप अँगाल्दा ठीक हुन्छ भन्ने विषयमा एङ्गेल्सले आफ्नै जीवनकालमा बताउनेकुरै भएन । किनकि त्यसबेला विश्वको कुनै पनि मुलुकमा समाजवादी समाज स्थापित भएकै थिएन ।

उपरोक्त पङ्क्तिहरूएङ्गेल्सले उन्नाइसौं शताब्दीको अन्त्यतिर भनेको हो ।विगत एक शताब्दीको अन्तरालमा धरतीमा ठूलठूला परिवर्तनहरू भए । जसको आधारमा भावी समाजको पारिवारिक स्वरूपबारे आज केही कुराहरू भन्न सकिन्छ । यस कारण पनि कि मार्क्स–एङ्गेल्सले प्रतिपादन गरेको सर्वहारावादी क्रान्तिको सिद्धान्त सर्वप्रथम सोभियत रूसमा सम्पन्न भयो, त्यसपछि मङ्गोलिया, पूर्वीयुरोप, चीन, कोरिया, क्युवा, भियतनाम, कम्पुचियाजस्ता मुलुकहरूमा मार्क्सवादको उज्यालो ज्योति छायो । अर्थात्, विश्वको एकतिहाइ आवादीमा साम्यवादीहरूले राज्यसत्ता सञ्चालन गरे र त्यहाँको विगत र वर्तमानको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक व्यवस्थाबारे हामीले मूलभूत कुरा अध्ययन गर्न पाएका छौं ।

मानवजाति सचेतन प्राणी भएकाले जीव जगत्मा यो सबभन्दा विकसित मानिन्छ ।त्यसैले जल, स्थल र नभका तमाम कुराहरूलाई यसले आफ्नो स्वार्थका निम्ति उपयोग गर्न सकिरहेछ । (क्रमश:)

# मैले देखेको त्रिसठ्ठीऔं विश्व सम्पदा :
# फिनलैण्डको टुर्कुको दरबारसहितको क्याथेड्रल

सुरेन्द्र ढकाल





बाहिरबाट हेर्दा टुर्कुको क्याथेड्रल यस्तो देखिन्छ



चर्चभित्रको कलात्मक रेरेडस यस्तो देखिन्छ



चर्चको दलिनमा गरिएको फ्रेस्को पेन्टिङ



क्याथेड्रलको टावर र त्यहाँबाट देखिने टुर्कु सहर




चर्च परिसरमा रहेको मिखायल आग्रिकोलाको मूर्ति र उनले फिनिस भाषामा उल्था गरेको न्यु टेस्टामेन्ट



क्याथेड्रलको भित्री भाग



महिला मित्र यानाको परिवारसँग दिउँसोको खाना खाँदै सुरेन्द्र

स्टकहोमबाट फिनलैण्डको तटीय सहर टुर्कु पुग्ने उद्देश्यका साथ रातिको पानीजहाज चढियो । जहाजमा सुत्ने ओछ्यानको लागि अतिरिक्त शुल्क बुझाएपछि मैले बेड पाएँ । दुई तले चारवटा बेड भएको शयनकक्षमा मेरो अर्कोपट्टि साइडमा मजस्तै ग्रीसको एक महिला विद्यार्थी पनि रहिछन् । पानयोट्टा रहेछ उनको नाम । उनी पनि फिनलैण्ड घुम्न एक्लै हिँडेकी रहिछन् ।

म भने फिनलैण्ड घुम्ने क्रममा टुर्कुमा दुई दिन बसी राजधानी हेलसिन्कीतर्फ लाग्ने योजना भएको हुँदा हाम्रो गन्तब्य फरक परेको कारण भोलिपल्ट पानीजहाजबाट ओर्लेपछि सँगै ब्रेकफास्ट गरेर हामी छुट्टियौं । टुर्कुमा दुई दिन बस्न चाहनुको मेरो उद्देश्य त्यहाँकी याना भौरिनन नामकी एक फिनिस महिला साथीलाई मैलै इटली भाषा सिक्दा चिनेको थिएँ । फिनलैण्ड जाने आफ्नो पहिलेदेखि नै सपना भएको हुँदा मैले उनीसँग लगातार पत्राचार गर्ने गर्थें ।

पानयौट्टासँग छुट्टिनासाथ मैले यानालाई फोन गरेँ र आफू टुर्कु आइपुगेको जानकारी दिएँ । एक घण्टा कुरेपछि उनी मलाई लिन आइपुगिन् र मलाई ट्राममा लिएर आफ्नो घर पुऱ्याइन् । घरमा पुगेर उनले आफ्ना मातापितासँग मलाई परिचय गराइन् । दिनको साढे बाह्र बजे सँगै लन्च गर्ने सहमति गरेर उनले मलाई आराम गर्ने कोठा, बाथरुम र साउन देखाइदिइन् । साउनमा नुवाइधुवाइ गरेर आराम गरिसकेपछि म, याना र उनकी माता तीनजना डाइनिङ रुममा जम्मा भयौं । लन्च गर्ने क्रममा नै टुर्कुमा हेर्न लायक ऐतिहासिक स्थलको बारेमा कुरा गर्दा यानाले त्यहाँ रहेको पुरानो दरबारसहितको क्याथेड्रल अवलोकन गर्ने सल्लाह दिइन् र उनी आफैसँगै गएर मलाई क्याथेड्रल देखाइदिने इच्छा समेत व्यक्त गरिन् । त्यसलाई मैले सहर्ष स्वीकार गरेँ र लन्चपछि हामी लाग्यौं टुर्कुको दरबार र क्याथेड्रल अवलोकन गर्न भनेर ।

## टुर्कुको दरबार र क्याथेड्रल

यो दरबार र क्याथेड्रल पहिले फिनलैण्डको क्याथोलिक चर्च रहेछ तर पछि यो एभान्जेलिकल लुथेरान चर्चमा परिणत भएको रहेछ र लुथेरान चर्चका आर्कविशप यही बस्ने हुँदा यो सिंगै फिनलैण्डको केन्द्रीय लुथेरान चर्च रहेछ । यस्को साथै वास्तुकलाको दृष्टिकोणबाट यस चर्चले फिनलैण्डको ऐतिहासिक महत्व पनि बोकेको रहेछ । फिनलैण्डकै महत्वपूर्ण धार्मिकस्थलमध्ये एक भएको कारण यहाँ विभिन्न ऐतिहासिक पर्वहरु मनाइएको कारण टुर्कुका जनताले गौरव गर्ने ऐतिहासिक सम्पदाभित्र पर्दो रहेछ ।

टुर्कुको आउरा नदीको किनारमा अवस्थित Old Great Square छेउमै यो चर्च रहेछ । हरेक दिन १२ बजे यो चर्चका घन्टा बज्दा पूरै टुर्कु सहर ध्वनिमय हुने रहेछ र क्रिसमसताका फिनलैण्डका अरु सहरहरुबाट पनि धेरै मानिसहरु यहाँ क्रिसमस मनाउँदा रहेछन् । मौलिक रुपमा १३ औं शताब्दिमा काठले बनेको यो क्याथेड्रल सन् १३०० सम्म विशप रहने गरेको र फिनलैण्डको मुख्य चर्च रहेछ । फिनलैण्डको पहिलो विशप सेंन्ट हेरी यसै क्याथेड्रलमा बसेका रहेछन् । पछि १४औं र १५औं शताब्दिमा यस चर्च विस्तार गर्ने क्रममा ढुंगा प्रयोग गरिएको रहेछ । यस चर्चभित्र दर्शनयोग्य कुराहरु भनेको आठ कुने गोथिक शैलीका स्तम्भहरु, प्रार्थना गर्ने हल, संगीत कार्यक्रम गर्ने स्टेज र चर्चको गजुरको भित्री कलात्मक भाग पर्दो रहेछ ।

१५औं शताब्दिमा चर्चका उत्तर र दक्षिण मोहोडामा विभिन्न सन्तहरुमा समर्पण गरिएको नयाँ ४२ वटा गजुरहरु निर्माण भएका रहेछन् र छानालाई अग्लो बनाएर २४ मिटर कायम गरिएको रहेछ । तर सन् १८२७ को ठूलो आगलागिमा परी यस टुर्कु शहर र यस चर्च नराम्ररी क्षति हुन पुगी पछि जिर्णोद्धार गरिएको रहेछ । जिर्णोद्धारपश्चात १०१ मिटर अग्लो टावर पनि बनाइएको रहेछ जुन टावर र क्याथेड्रल टुर्कु सहरको सबै ठाउँबाट स्पष्ट देखिँदो रहेछ । पछि धर्म सुधार जागरण (Reformation) ताका यो चर्च लुथेरान चर्चमा परिणत भएपछि यस चर्चलाई सिँगार्ने काम भएको रहेछ ।

स्वेडिस कलाकार फ्रेडरिक बेष्टिनले बनाएको जेसस क्राइष्टको चित्र र जर्मन आर्किटेक्ट कार्ल लुडभीगले डिजाइन गरेको मुख्य प्रार्थना कक्ष (Altar) को भित्ता छोप्ने कलात्मक पर्दा Reredos निकै आकर्षक रहेछ। त्यसवाहेक चर्चका भित्ता र दलिनहरुमा रोहवर्ट विलहेल्मले बनाएका जेसस क्राइष्टका जीवन झल्कने रोमन शैलीका फ्रेस्को चित्रकारिता विश्वविख्यात नै मानिँदो रहेछ । त्यसैगरी फिनलैण्डको चर्चको विकासका दुई महत्वपूर्ण घटनामध्ये एक विशप हेनरीले पहिलो फिनिस नागरिकलाई क्रिश्चियन धर्ममा प्रवेश गराएको र फिनलैण्डको राजा गुस्ताभलाई फिनिस भाषामा मिखायल आग्रिकोलाले अनुवाद गरेको बाइबल (New Testament) बुझाएको अर्को चित्र पनि फिनिस कलाकारिताको अनुपम प्रस्तुति मानिँदो रहेछ । त्यसैगरी यस चर्चभित्र विशप हेमिङ लगायत स्वेडिस राजकुमारी सिग्रीड र फिनलैण्डका सार्वजनिक जीवनका महत्वपूर्ण व्यक्तिहरुको चिहान राखिएको रहेछ ।

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**
■ सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
■ खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
■ चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।
■ पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं । आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
■ सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
■ आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# बहुमूल्य पत्थर

बीबीसी । आभूषणमा प्रयोग हुने जाजरकोटको काइनाइट जस्ता पत्थरको कति परिमाण नेपालमा छ भन्ने यकीन तथ्यांक छैन । नेपालका पहाडी र हिमाली क्षेत्र र खोला किनारमा विभिन्न किसिमका बहुमूल्य र अर्ध बहुमूल्य पत्थरको उचित सदुपयोग नभएको भन्दै खानी सञ्चालक तथा गहना व्यवसायीले दुःख व्यक्त गरेका छन्। पूर्वदेखि पश्चिमसम्म क्वार्ज अर्थात स्फटिक,धादिङमा रुबी अर्थात माणिक, संखुवासभामा गार्नेट अर्थात रक्तमणि र अक्वामरीन अर्थात नील हरितमणि, ताप्लेजुङमा पाईने ब्लु स्याफायर अर्थात नीलमणि लगायतका विभिन्न बहुमूल्य पत्थर पाईने नेपाल खनीज तथा द्रव्य संघले बताएको छ ।

तीमध्ये पनि जाजरकोटमा पाइने काइनाईट जस्ता केही पत्थर विश्वकै उत्कृष्ट गुणस्तरका भएको गहना व्यवसायीहरु बताउँछन्। यस्ता पत्थरको कति परिमाण नेपालमा छ भन्ने यकीन तथ्यांक निकाल्नका लागि पर्याप्त अनुसन्धान नभएको नेपाल खनीज तथा द्रव्य संघका अध्यक्ष विद्यासागर ताम्राकारले बताए।

देशको अमूल्य सम्पत्ति कम मुल्यमा विदेशिनु त राष्ट्रलाई नै घाटा हो। त्यो रोक्नु त ठिकै हो, तर त्यो मात्रै समाधान होइन रमेश महर्जन, अध्यक्ष, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ खानीबाट निकालिएका पत्थरमध्ये औसतमा एक देखि पाँच प्रतिशतसम्म 'जेम क्वालिटी'का हुनसक्ने खानी सञ्चालकहरु बताउँछन्।

'जेम क्वालिटी' अर्थात गहनामा प्रयोग गर्न मिल्ने स्तरका पत्थरहरु आभूषणमा प्रयोग हुन्छन् भने बाँकी पत्थर सौन्दर्य प्रशाधनमा प्रयोग हुन्छन्। कच्चा स्वरुपमा किलोको ५०० देखि बीसौं हजारसम्म बिक्ने यस्ता पत्थर प्रशोधित भएर आएपछि 'जेम क्वालिटी'को मूल्य क्यारेटमा तोकिन्छ, जसको ग्रामकै लाखौं रुपैयाँ पर्न सक्छ।

विगतमा खानी सञ्चालकहरुले कच्चा स्वरुपमा नै यस्ता पत्थरको निर्यात गर्ने गरेका थिए। एक चरण यस्ता पत्थरलाई




थप प्रशोधन गर्दा तिनीहरुको मूल्य पनि बढ्छ। त्यसकारण मूल्य अभिवृद्धि गरेर मात्रै निर्यात गर्न प्रोत्साहन गर्नका लागि कच्चा पदार्थको निकासीमा रोक लगाइएको हो । राजेन्द्रप्रसाद खनाल, निमित्त महानिर्देशक, खानी तथा भूगर्भ विभाग तर सरकारले करीब २ वर्ष देखि यस्ता पत्थरको निर्यातमा प्रतिबन्ध लगाएको छ।

**निकासी प्रतिबन्धित**

यस्ता पत्थरलाई कच्चा पदार्थका रुपमा देशबाहिर लैजानै क्रमलाई निरुत्साहित गर्न निकासी रोकिएको खानी तथा भूगर्भ विभागका निमित्त महानिर्देशक राजेन्द्र प्रसाद खनालले बताए। खनालले भने, "एक चरण यस्ता पत्थरलाई थप प्रशोधन गर्दा तिनीहरुको मूल्य पनि बढ्छ। त्यसकारण मूल्य अभिवृद्धि गरेर मात्रै निर्यात गर्न प्रोत्साहन गर्नका लागि कच्चा पदार्थको निकासीमा रोक लगाइएको हो।"

तर औपचारिक रुपमा निकासी रोकिएको भएता पनि खुला सिमानाको फाइदा उठाउँदै अवैध रुपमा यस्ता पत्थरको निकासी कायम रहेको गुनासो विज्ञ र व्यवसायीले गरेका छन्। यस्ता समस्याको नियन्त्रण गर्नका लागि नेपालमै पत्थरहरुको प्रशोधन कार्यलाई सरकारले प्रोत्साहन दिनुपर्ने नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष रमेश महर्जन। "देशको अमूल्य सम्पत्ति कम मूल्यमा विदेशिनु त राष्ट्रलाई नै घाटा हो। त्यो रोक्नु त ठिकै हो, तर त्यो मात्रै समाधान होइन। यो कदमले खानी व्यवसायमा आश्रित श्रमिकलाई बेरोजगार बनाउने भयो, र अवैध निकासीलाई सहयोग पु(याउने भयो।"

**प्रशोधनको आवश्यकता**

निर्यात रोक्ने वा खुलाउने भन्दा पनि खानीलाई व्यवस्थित गर्नपट्टि सरकारको ध्यान जानुपर्ने महर्जनको विचार छ। "पत्थर उत्खनन भएर आएपछि त्यसलाई प्रशोधन गर्न पर्यो। जेम क्वालिटी र औद्योगिक क्वालिटी छुट्याउनुपर्यो," उनले भने। तर नेपालमा यस्ता पत्थरको प्रशोधन गर्नका लागि उपकरण र दक्ष जनशक्तिको अभाव भएको खानी व्यवसायीहरु बताउँछन्।

जाजरकोटमा टुर्मालिन र काइनाईट अर्थात नीलो स्फटिकको खानी सञ्चालन गर्ने गोपालप्रसाद पाण्डेले भने, "प्रशोधनको लागि चाहिने दक्ष जनशक्ति हामीसंग छैन, र त्यसका लागि चाहिने उपकरण महंगो छ। सदियौं देखि भारतीयहरुले यो काममा दक्षता हासिल गरिरहेको हुनाले उनीहरुको उत्पादनसंग हामी तुरुन्तै प्रतिस्पर्धा गर्न सक्दैनौं।"

**संरचनाको अभाव**

आफुले सानो परिमाणमा पत्थरहरु प्रशोधन गर्दै आएको भएता पनि त्यस्ता पत्थर आयातीत पत्थर भन्दा महंगो हुने हुनाले आफ्ना उत्पादनका लागि बजार पाउन मुश्किल भएको पाण्डेको अनुभव छ। उता गहना व्यवसायीहरुले भने देशको अमूल्य सम्पत्ति कौडीको भाउमा बाहिरिरहँदा स्वदेशी उत्पादनको अभावमा आफुले भने अझै पनि महंगो दरमा आयातीत पत्थर नै प्रयोग गर्नुपरेको गुनासो गरेका छन्।

'सरकारले कि त दक्ष जनशक्ति तयार गर्नुपर्यो, कि त वैध रुपमा निकासी खुलाउनु पर्यो। हामीले विभिन्न सरकारी निकायसंग छलफल गर्यौं र ज्ञापनपत्र बुझायौं। तर केही सुनुवाइ भएन', पाण्डे भन्छन्। खानी उद्योगलाई प्रवर्द्धन गर्ने र अवैध निकासी नियन्त्रण गर्ने सरकारी कदम अपर्याप्त हुँदा देशका श्रोतको सदुपयोग हुन नसकी जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बींड भएको भन्दै बहुमूल्य पत्थरका व्यवसायीले दुःख व्यक्त गरेका छन् ।

कविता

## मन्त्री नै भएस



● प्रेम ओली (ढकलपुरे)

एक दिन बाले आशिक दिँदै भने
ल छोरा मन्त्री नै भएस
गतिलै मन्त्रालय समाएस
ठूलो नाम कमाएस
नामभन्दा पनि धेरै दाम कमाएस
यो देशमा तैले पनि
अरुले जस्तै दरो ठाँम जमाएस
सकेसम्म गृह मन्त्रालय खोजेस
त्यो पाइएन भने
कि भौतिक कि अपूर्ति मन्त्रालय रोजेस
छोरालाई पिय राखेस
श्रीमतिलाई सल्लाहकार राखेस
अरुकै चाहियो भने मलाई पनि डाकेस
कर्मचारीलाई थुरुरु पार्नु
अटेरिको शेखी नै झार्नु
ठेकेदार व्यापारीलाई थर्काउनु
दुई चार जनाको हात खुट्टै मर्काउनु
कसैलाई थुनेर पातै फर्काउनु
यति भए कान तेल हालेर सुते पनि
दुई चार महिना काम गर्छ
कति कमाउने तैले, फटाफट दाम झर्छ
दुई चार पल्ट पत्रकारलाई बोलाएर
पुल निरक्षणमा जानु ढल निरक्षण जानु
गरिबखाना जानु, गरीबसँग खाना खानु
के गरेर हुन्छ दुई चार दिन हङगामा मच्चाउनु
त्यस पछी लुसुक्क प्वाल भित्र छिर्नु
कताबाट के के आउछ यसो हेर्नु
दुइचार जना ठेक्दार ब्यापारी समाउनु
मजाले दाम पैसो कमाउनु
मैले भनेको बाटो नबिराइ समाउनु
यती भए पछी, त यो राष्ट्रले खोजेको मान्छे बन्छस
त्यस पछी त ऐरे गैरेलाई पनि के गन्छस
ल भन त के भन्छस
बाले यती आशिक दिए पछी
मैले पनि बाले भनेकै बाटो रोज्याछु
तर कसरी मन्त्री बन्ने त्यो मौका खोज्याछु
पहिले साम्सद बनेर मन्त्री बन्ने कि
मन्त्री बनेर साम्सद बने भनी सोच्दैछु
पार्टिमा छिर्ने कि आफ्नै पर्टी खोल्ने
यहाँको सर सल्लाह खोज्दै छु ।

# वातावरणका लागि किन खतरनाक हुन्छन् गाईभैंसी ?

जलवायु परिवर्तनबाट चिन्तित वैज्ञानिक तथा पर्यावरणविदहरुका लागि लामो समयदेखि गाईको ग्यास तथा डकार चिन्ताको विषय बनिरहेको छ ।

वायुमण्डलमा हानिकारक मिथेनको अधिक मात्राका लागि गाईभैँसीको डकार तथा पेटबाट निस्किने ग्यासलाई पनि जिम्मेवार मानिन्छ । वैज्ञानिकहरुले मिथेन ग्यासको उत्सर्जन रोक्नका लागि गाईको खानामा सुधार गर्ने कोसिस पनि गरिरहेका छन् । गाइभैँसीको खानामा लसुन, ओरेगेनो, जाफरान तथा अन्य सागपातहरु संलग्न गरेर त्यसको असरको बारेमा पनि वैज्ञानिकहरुले अध्ययन गरिरहेका छन् । क्यालिफोर्निया विश्वविद्यालयका वैज्ञानिकहरुले हालै एक अनुसन्धान मार्फत् गाईको ग्यासलाई कसरी कम हानिकारक बनाउने भन्ने उपाय पत्ता लगाएका छन् ।

वैज्ञानिकहरुका अनुसार गाईलाई सामुद्रिक झार खुवाउनाले गाईको ग्यासमा मिथेनको मात्रा कम हुनसक्छ र यसले पर्यावरणको रक्षा गर्दछ । यस शोधका क्रममा वैज्ञानिकहरुले करीब एक दर्जन दुधालु गाईहरुको खानामा समुद्री झार खुवाए । तत् पश्चात् गरिएको परीक्षणका क्रममा गाईको डकार तथा ग्यासबाट उत्पन्न हुने ग्यासमा मिथेनको मात्रा ३० प्रतिशतले घटेको पाइयो ।

शोधकर्ता पशु वैज्ञानिक अरमियास केब्रियाबका अनुसार गाईभैँसीको खानामा थोरै मात्रामा पनि समुद्री झार खुवाउँदा उत्सर्जन गर्ने ग्यासमा मिथेनको मात्रा चामत्कारिक रुपमा कमी आउने कुरा देख्दा आफुलाई आश्चर्य लागेको बताए । उनको टोलीले अब ६ महिनासम्म सोही अध्ययनलाई निरन्तरता दिनेछन् । यहीँ अक्टोबरदेखि नयाँ शोध सुरु हुनेछ ।

शोधकर्ताका अनुसार यदि गाईवस्तुको खानामा थोरैमात्र परिवर्तन गर्दापनि वायुमण्डलमा मिथेनको मात्रा कम गर्न सकिन्छ र यसले कार्वन उत्सर्जन कटौतीमा सकारात्मक असर पर्नेछ । संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनको रिपोर्ट अनुसार गाईभैँसी, बाख्रा भेँडाजस्ता चौपायाँहरुले दिनभर पागुरी लगाउँदै डकारिरहन्छन् । पेटमा घाँसपात जस्ता फाइबरयुक्त खानेकुरालाई विच्छेदन गर्नका लागि असंख्य व्याक्टेरियाहरु हुन् । त्यसक्रममा चौपायाँको पेटबाट ठूलो परिमाणमा मिथेन ग्यास निस्किन्छ । सन् २००६ मा राष्ट्रसंघले निकालेको एक रिपोर्ट अनुसार जलवायु परिवर्तनका लागि जिम्मेवार रहेको कार्वनडाईअक्साइडको जति परिमाणमा उत्सर्जन गाडी तथा कारखानाहरुबाट हुन्छ त्यसभन्दा धेरै उत्सर्जन विश्वमा पालन गरिएका गाईवस्तुको पेटबाट निस्किन्छ । उक्त रिपोर्ट अनुसार वायुमण्डललाई सबैभन्दा ठूलो खतरा गाईभैँसीबाट रहेको छ । किनभने कार्वन डाइअक्साइडभन्दा मिथेन ग्यास वायुमण्डलका लागि धेरै गुणा हानिकारक रहेको छ अर्थात् यो निकै हानिकारक हरित गृह ग्यास हो । यसकारण गाईभैँसी विश्व उष्णिकरणका सबैभन्दा ठूला कारकतत्व हुन् ।

# न्युयोर्कमा तामाङ समाज


प्रवासी भूमिमा रहेको नेपाली समुदायले आफ्नो समुदाय र मुक्तिको निम्ति विभिन्न संघसंस्थाहरूको स्थापना गर्नु भए पनि अधिकांस संघ संस्थाको कार्यालयहरू अहिलेसम्म पनि झोलामा मात्रै सिमित रहेको देखिन्छ ।

तर, भर्खरै मात्र स्थापना भएको तामाङ समाज अमेरिकाको ८ सेप्टेम्बर २०१८ को दिन प्रमुख अतिथि नेपाली महावाणिज्य दुताबासका कार्यवाहक महावाणिज्यदुत पुष्पराज भट्टराईले एक भव्य समारोहको साथ नेपाली डायस्पोराका सामुदायिक गतिविधिलाई पुनर्भाषित गर्ने उद्देश्य सहित तामाङ समाज अमेरिकाको केन्द्रिय कार्यालयको भव्यरूपमा उद्घाटन गर्नुभएको छ । उद्घाटन समारोहमा अमेरिकामा रहेका १२ भन्दा बढी संघरसंस्थाका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । उद्घाटन समारोहमा प्रमुख अतिथि कार्यवाहक महावाणिज्यदुत पुष्परज भट्टाराईले नेपाली डायस्पोराका संघ संस्थाहरुले परम्परागत शैलीभन्दा फरक ढंगले आफ्नो गतिविधिहरु संचालन गर्नुपर्ने र प्रवासमा रहेको नेपालीहरुले एकता प्रदर्शन गर्न सकेमा सम्पूर्ण नेपालीहरुको निम्ति भलाई हुने भनाई राख्नु भएको थियो ।

उद्घाटन समारोहमा गैरआवासीय नेपाली संघ अमेरिकाका महासचिव बाबुराम लामा, नेपाली जनसम्पर्क समिति विश्व संजालका सभापती विष्णु सुवेदी, नेपाली जनसम्पर्क समिति अमेरिकाका सचिव भोजराज थोकर, संगठन विभाग प्रमुख वेद खरेल, नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि प्रमोद सिटौला, हिमालयन बुद्धिष्ट कम्युनिटीका अध्यक्ष छेपक गुरुङ, शेर्पा संघ अमेरिकाका अध्यक्ष निमा शेर्पा, तमु परिवार न्युयोर्कका अध्यक्ष डम्मरजंग गुरुङ, नेपाल आदिवासी जनजाति महासंघ अमेरिकाका निवर्तमान अध्यक्ष लुईसाङ वाईवा तामाङ, निवर्तमान वरिष्ठ उपाध्यक्ष मणि वाङदेल राई, तामाङ सोसाइटी अफ अमेरिकाका पूर्व अध्यक्ष भरत लामा, नेपाल अमेरिका पत्रकार संघका पूर्व अध्यक्ष आङछिरिंग शेर्पा, प्रेम एण्ड पुनम फाउन्डेशनका अध्यक्ष प्रेम थोकर, गैरआवासीय नेपाली संघ अमेरिकाका सहकोषाध्यक्ष पवन योन्जन लगायतले शुभकामान मन्तब्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा नेपाली महाबाणिज्यदुतवास न्युयोर्कका कन्सुलर क्रिशु क्षेत्री, तामाङ सोसाइटी अफ अमेरिकाका निवर्तमान अध्यक्ष शान्त थोकर, गैर आवासीय नेपाली संघ अमेरिकाका बोर्ड अफ डिरेक्टर आङनिमा गेल्जे शेर्पा, पर्यटन प्रवर्द्दन समितिका संयोजक जाङबु शेर्पा गोले, न्युयोर्क समाचार अनलाईन् न्युजका गोकुल श्रेष्ठ, खसोखास साप्ताहिकका सम्पादक अनिल अधिकारी, गैर आवासीय नेपाली संघ, अमेरिका न्युयोर्क शाखाका अध्यक्ष रामहरि अधिकारी र नेपाल विद्धार्थी संघका अध्यक्ष प्रभात सापकोटाको उपस्थिति रहेको थियो। कार्यक्रम तामाङ समाज अमेरिकाका सचिव विनिता तामाङले संचालन गर्नु भएको थियो ।

visit nepal 2020 Lifetime Experiences

# पर्यटन धार्मिक पर्यटकीय गन्तव्य ऋखार



डुँगा आकारको ढुँगा । ढुँगा माथि मन्दिर । ढुँगाको फेदीमा तलाउ । पहाडको टुप्पोमाथि रहेको यो क्षेत्र पवित्र धार्मिक स्थल ऋखार हो । रघुगंगा गाउँपालिका-८ मा अवस्थित ऋखार धार्मिक स्थल त हो नै प्राकृतिक सौन्दर्यको हिसाबले पनि मनोरम छ । धौलागिरि हिमालको फेदीमा करीब ४ हजार ६०० मिटर उचाइमा पर्ने यो ठाउँमा वैशाखदेखि असोजसम्म नै पूजाआजा हुने गर्छ ।

ऋखार मन्दिरमा पूजा गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास रहेकाले हरेक वर्ष यहाँ पुग्ने भक्तजनको संख्या बढ्दै गएको छ । जनैपूर्णिमाका दिन यहाँ विशेष पूजा हुने गर्छ । म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की लगायतका क्षेत्रबाट भक्तजनहरु पुग्ने गरेको ऋखार संरक्षण तथा सुधार समितिका अध्यक्ष चित्रबहादुर छन्त्यालले जानकारी दिनुभयो । यस वर्ष जनैपूर्णिमामा ३०० भन्दा बढी भक्तजन ऋखारमा पुगेका थिए ।

सप्तऋषिहरुले तपस्या गरेको ऋखारमा पूजा गर्न चोखो र अघिल्लो दिनदेखि नै व्रत बसेको हुनुपर्ने मान्यता रहेको छ । मनोकांक्षा पूरा आशा बोकेर दुर्गम र भौगोलिक रुपमा कठिन क्षेत्र पार गरी यहाँ भक्तजनहरु पुग्ने गरेका छन् । ऋखारमा वर माग्न गएका भक्तजन र सर्वसाधारण यस क्षेत्रबाट देखिने मनोरम दृश्यले लोभिएर फर्कने गरेका छन् ।

ऋखारको धार्मिक महत्व सुनेर पहिलो पटक पूजा र दर्शनका लागि पुगेका बेनी नगरपालिका-९ का याम बहादुर चोखालले यो क्षेत्रलाई धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने बताउनुभयो ।

उहाँले भन्नुभयो - "यो ठाउँ प्राकृतिक रुपमा पनि मनोरम रहेछ । यहाँ पदमार्गलगायतका भौतिक पूर्वाधार निर्माण गर्नुपर्छ । वस्तीदेखि धेरै टाढाको ठाउँ भएकाले स्वास्थ्य र सुरक्षाको समेत प्रवन्ध गर्न सक्ने हो भने यो क्षेत्र उत्कृष्ट गन्तव्यको रुपमा विकास गर्न सम्भव छ ।"सदरमुकाम बेनीदेखि तीन दिनको पैदल यात्रापछि ऋखार पुगिन्छ । आफ्नो मनोकांक्षा पूरा भएकाले हरेक वर्ष आफू ऋखार आउने गरेको रघुगंगा गाउँपालिका-३ मौवाफाँटका सूर्यदत्त शर्माले बताउनुभयो ।

सप्तऋषिले तपस्या गरेको पुण्यभूमि ऋखारमा पूर्वाधारहरु नबनेको भए पनि वृद्धवृद्धादेखि युवायुवतीसमेत पुग्ने क्रम बढिरहेको पात्लेखर्क ऋखार युवा क्लबका सचिव अंकित पुनले बताउनुभयो ।

उहाँका अनुसार ऋखार हुँदै धौलागिरि आधार शिविर, चेमले आधार शिविर जाने मार्गसमेत पहिचान भैसकेको छ । ऋखार मन्दिर परिसरमा वर्षौंदेखि रहेको दमाहा आकारको तामाको भाँडोमा बाहिरबाट पानी नराखिने र भित्रबाट जति पानी झिकेपनि नसकिने अनौठो विशेषता रहेको छ । लामो समयदेखि ऋखार क्षेत्रको विकासमा क्रियाशील रहँदैआउनु भएका 'अद्भूतबाबा' बम बहादुर शेरपुञ्जाले भन्नुभयो - "यहाँ आउने भक्तजनहरु सबैले यस भाँडाबाट जल लैजाने गर्छन् । भाँडामा बाहिरबाट कसैले पनि पानी राख्दैनन् । जति झिके पनि भाँडो रित्तिँदैन । यसले ऋखारको महत्वलाई थप बढाएको छ ।"

पोखराबाट ऋखार मन्दिर पुग्नुभएकी हमती छन्त्यालले भन्नुभयो - म तीन पटक यस मन्दिरमा आइसकेकी छु । अघिल्लो वर्ष छोरो आएको थियो । यहाँ आएर छोरोले गरेको भाकल पूरा भयो । उनी अहिले अष्ट्रेलियामा छन् ।" ऋखार जिल्ला सदरमुकाम बेनीदेखि गलेश्वर, मौवाफाँट, दग्नाम, चिमखोला, घ्यासीखर्क, दुवाडी, पात्लेखर्क हुँदै पुग्न सकिन्छ । यहाँ पुग्ने भक्तजन र पर्यटकहरुलाई बस्नका लागि पात्लेखर्क, बगरखोला र ऋखारमा तीर्थबास भवन बनाइएको छ । यहाँ भक्तजनहरुलाई निःशुल्क खाना ख्वाउने व्यवस्था गरिएको हिमाली आमा समूहका सचिव एवं वडा सदस्य प्रिती गर्बुजाले जानकारी दिनुभयो । "पहिले यहाँ आएपछि आफन्तको घर खोज्नुपर्थ्यो, अहिले तीर्थबास भवनमा गाउँलेले नै खाना र बसोबास सबैको बन्दोबस्त मिलाउँछन् । बगरखोलामा पनि भक्तजनलाई खानाका लागि सामग्री जुटाइदिने गरेका छौं" - उहाँले भन्नुभयो । अग्लो पहाडको टुप्पोमा रहेको ऋखारमा सप्तऋर्षि कश्यप, भारद्वाज, गौतम, जमदग्नी, वशिष्ठ, विश्वामित्र र अत्रीले तपस्या गरेको धार्मिक ग्रन्थहरुमा उल्लेख छ ।

पर्यटकीय गन्तव्य यस क्षेत्रमा पुग्न व्यवस्थित पदमार्ग निर्माण र यस क्षेत्रमा रहेका आकर्षणहरुको प्रचारप्रसार गर्न सकिए भक्तजनसँगै पर्यटकहरु समेत भित्र्याउन सकिने सम्भावना छ । ऋखार क्षेत्रमा पुग्ने भक्तजनहरुलाई स्थानीयवासीले सत्तल निर्माण गरिदिएका छन् भने वरपर रहेका भेडीगोठहरुमा समेत बास बस्ने व्यवस्था मिलाउने गरिएको छ । म्याग्दी उद्योग वाणिज्य संघको नेतृत्वमा यो वर्षलाई 'म्याग्दी भम्रण वर्ष'को रुपमा मनाइरहँदा ऋखार क्षेत्रलाई उजिल्याउन पनि आवश्यक छ ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसारपसार गरी राजस्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी पैठारी नियन्त्रणमा सहयोग पुर्‍याउनु हुन सम्बन्धित सबैमा अनुरोध छ । साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ । र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुनबमोजिम पुरस्कृत गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**भन्सार विभाग**
**त्रिपुरेश्वर, काठमाडौं**

**टेलिफोन नं. ०१४२५९७९३, ४२५८३४५, ४३५९७९१, ४२५९३३२**


*एजेन्सीहरुको सहयोगमा*

## रोचक संसार

### एकैदिन गर्भवती, एकैचोटि जुम्ल्याहा



अमेरिकाको ओहियोमा एउटा अनौठो घटना भएको छ । त्यहाँ बस्ने दुई दिदी बहिनी एकसाथ गर्भवती भए । त्यतिमात्र होइन, दुबै दिदी बहिनीले एकैदिन बच्चा जन्माए । अझ अनौठो त के भने दुबै जनाले नै जुम्ल्याहा बच्चा जन्माए । उक्त सबै घटनाक्रमका पछाडि एउटा कारण रहेछ ।

समाचार अनुसार दुई अलग अलग आमाबाट जन्मिएका बच्चाहरु खासमा चम्ल्याहा अर्थात् एकसाथ जन्मिने चार जुम्ल्याहा हुन् । दिदी र बहिनीको गर्भबाट जन्मिएका भए पनि चारैजना बच्चाका पिता चाहीँ एउटै हुन् । अर्थात् चारैजना बच्चा एउटै दम्पत्तिका भ्रूण हुन् । जसलाई पछि आधा आधा गरी दुई कोखमा बाँडियो । खासमा एनी जोनसन र उनका पति जबी जोनसनले विवाहको लामो समयसम्म पनि बच्चा नजन्मिँदा दुःखी थिए । उनीहरुले गर्भ राख्नका लागि कैयन् कोसिस गर्दा पनि सकिरहेका थिएनन् । आफ्ना बहिनी ज्वाइँलाई निकै दुखी देख्दा एनीकी दिदी क्रिसीले एउटा निकै गुनिलो उपाय पहिल्याइन्, जसबाट बहिनी ज्वाइँले सन्तान सुख प्राप्त गर्दथे । क्रिसी आफ्नी बहिनीका लागि सेरोगेट मदर बन्न चाहन्थिन् । उनको यो आइडिया एनी र उनका पतिलाई पनि मन पर्‍यो । त्यसपछि तिनैजना कृत्रिम गर्भाधानका लागि चिकित्सा उपचारमा लागे । डाक्टरले सबैभन्दा पहिले एनीको डिम्ब निकाले र त्यसलाई उनका पति जोबीको शुक्रकिटसँग मिलन गराई समागम फर्टिलाइजेसन गराए । त्यसरी विकशित गराइएका दुई भ्रूणलाई एनीकी दिदी क्रिसीको पाठेघरमा प्रत्यारोपण गरियो । त्यस्तै थप दुई भ्रूण अन्तिम प्रयास स्वरुप एनी स्वयंको पाठेघरमा पनि प्रत्यारोपण गरियो । त्यसको नतिजा साँच्चीकै चमत्कारपूर्ण रह्यो, जुन उनीहरुलाई विश्वासै गर्न कठीन पर्नेखालको थियो । दुबै बहिनी एकसाथ गर्भवती भए । अर्थात् दुबैमा सफलतापूर्वक कृत्रिम गर्भाधान भयो । अन्ततः एकैदिन गर्भवती बनेका दिदी बहिनीले एकै दिन जुम्ल्याहा बच्चा जन्माए । वर्षौंदेखि बच्चाको पखाईमा रहेका एनी र जोबी दम्पत्तिले अन्ततः एकैचोटी चारवटा सन्तान प्राप्त गर्‍यो । जसमध्ये दुईवटा सन्तान एनीकी दिदीले जन्माइदिएकी हुन् ।


### चिया कफीसँगै अजिंगर

कल्पना गर्नुहोस्, तपाइँ कुनै क्याफेमा चियाकफी पिउन जानुभयो । मनपर्ने चियारकफी तथा स्न्याक्स अर्डर गर्नुभयो । तर तपाइँका अगाडि चिया कफीसँगै भयंकर अजिंगर कुँदेर आयो भने के गर्नुहुन्छ ? अजिंगर मात्र होइन टेबलमा गंगटा र अन्य जिवहरु पनि देखा पर्नसक्छन् ।

कम्बोडियाको राजधानी नोम्पेन्हमा यस्तो अनौठो क्याफे रेष्टुरेन्ट खुलेको छ । क्याफेभित्र छिरेर खाँदा तपाइँलाई कुने चिडियाखानामा छिरेको अनुभुति हुनसक्छ ।

आसपासमा चराहरुको चिरबिर, अनेक जातका माछा खेलिरहेका अक्वारियम । टेबलमा खेलिरहेका(दौडिरहेका गंगटाहरु तथा पाहुनाको काँधमा घिसारिने गोही । क्याफेको दृश्य यस्तै हुन्छ ।

क्याफेका मालिक ची रेटीका अनुसार सुरुवातमा ग्राहकहरु, खासगरी महिलाहरु अजिंगर देखेर निकै डराउँथे । तर विस्तारै उनीहरुले सहजता महसुस



गर्नथाले । अहिले त ग्राहकहरुले चियाकफीको चुस्कीसँगै अजिंगरसँग सेल्फी पनि लिन्छन् ।

नोम्पेन्हमा एक अर्को बिरालोको थिममा बनेको क्याफे निकै लोकप्रिय थियो । त्यहीँ क्याफेको सफलताको सिको गर्दै सर्पको थिमवाला यो क्याफे खोलिएको हो ।

यसका मालिक ची रेटीका अनुसार धेरै मानिसहरु सर्प तथा छेपारोलाई सत्रु ठान्छन् । उनीहरुको मनबाट डर भगाउने यो सबैभन्दा राम्रो तरिका हो ।

यद्यपि अजिंगरका कारण केही मानिसहरु डराएर अहिलेपनि यो क्याफेमा छिर्दैनन् । तर जति ग्राहक आउँछन् उनीहरुको प्रतिक्रियाबाट रेटी सन्तुष्ट छन् । यो क्याफेमा राखिएकामध्ये अधिकांस जिवहरु थाइल्याण्डबाट आयात गरिएको हो ।

### २ जना मान्छे बस्ने सहर

अमेरिकाको ड्याकोटा राज्यको उत्तरी भागमा रहेको एउटा सहर अहिले संकटमा छ । लामो समयदेखि सहरको मेयर रहेका व्यक्तिको निधन भएसँगै सहरको अस्तित्व नै लोप हुने जोखिम बढेको थियो । यो सहरको जनसंख्या जम्मा २ जना मात्र रहेको छ । तर, पछिल्लो समयमा आशा पलाएको छ । किनकी सहरको जनसंख्या दोब्बरले बढेर ४ पुग्ने अपेक्षा गरिएको छ ।

रुजोस्थित म्याकलिन काउन्टीका मेयर ८६ वर्षीय ब्रुस लोरेन्जको गत जुलाईमा निधन भएको थियो । उनको निधन भएसँगै उक्त सहरको अस्तित्व नै लोप हुने जोखिम बढेको थियो । किनकी कुनै सहरको अस्तित्व कायम राख्नका लागि न्यूनतम जनसंख्या ३ जना हुनुपर्ने रहेछ ।

सहरमा अहिले लाउरिन्डा रोलोसन र उनका पती टेरी रोलोसन मात्र बस्दछन् । उनका अनुसार अहिले उक्त सहरको नागरिकता प्राप्त गर्नका लागि योग्य एकजना अर्का व्यक्ति फेला परेका छन् ।



ग्रेग स्कमाल्ज नामका व्यक्तिसँग रुसो सहरको पोष्ट बक्स नम्बर रहनुका साथै कुखुरा र घोडा फार्म हेर्नका लागि हरेक दिन सहरमा आउने गर्दछन् । त्यसैले उनलाई सहरको नागरिकता प्रदान गरी मेयर बनाउने तयारी गरिएको छ ।

ग्रेग र उनकी पत्नी मिचेल हाल भेल्भा सहरमा बस्दछन् । तर उनीहरु यहीँ वर्ष रुजो सहरमा बसाइँ सर्ने तयारीमा छन् । रुजोमा उनीहरुले आफ्नो घर निर्माण गरिरहेका छन् । यो जाडो सिजन अघि आवास निर्माणको काम सकिने अपेक्षा रहेको उनको भनाइ छ ।

रुजो सहर सन् १९०९ मा स्थापना हुँदा त्यहाँ १ सय ४१ जनसंख्या थियो । तर, सन् १९५६ पछि यो सहरको जनसंख्या स्वात्तै घट्न थाल्यो । अन्नमिल बन्द भएसँगै यहाँका मानिसहरु बसाई सर्न थाले । आफूसँगै आसपासका अरु मानिसहरु पनि रुजो सहरमा बसाई सर्ने आशा ग्रेगले गरेका छन् । ग्रेगको अस्तित्व बचाउन आफू लागिपर्ने उनले बताए ।

### खाजाको डिब्बा हराउँदा पुलिसको निद्रा चट्

भारतको हैदरावाद पुलिसमा एउटा अनौठो काण्ड आएको छ । जसका कारण पुलिस इतिहास खोतल्न बाध्य भएको छ ।

मुद्दा हो सुनको लन्चबाकस चोरीको । उक्त खाजाको डिब्बा केवल सुनबाट मात्र बनेको थिएन, त्यसमा बहुमूल्य हिरा तथा मोतिपनि जडित थिए ।

उक्त खाजाको डिब्बाका अलावा हैदरावादका अन्तिम सासक मिर उस्मान अली खानको निलम जडित सुनेको चियाकप, रिकापी तथा चम्चा पनि चोरी भएको छ ।

जम्माजम्मी तिन किलो वजनका सामान चोरी भएका छन् । जसको मूल्य झण्डै ५० करोड भारु पर्ने बताइएको छ । सोमबार मात्र पुलिसले ती बहुमूल्य सामान चोरी भएको जानकारी पायो । आइतबार राति ती सामान चोरी भएको अनुमान गरिएको छ ।

ती सबै सामानहरु निजाम संग्राहलयबाट चोरी भएका हुन् । उक्त संग्राहलय प्रथम बादशाहको दरबारको रुपमा थियो ।

गत वर्ष शाही परिवारको एउटा तरबार पनि हैदरावादको अर्को



संग्राहलयबाट चोरी भएको थियो ।

चोरहरुले संग्राहलयको सिसीटिभी क्यामरा बिगारेर चोरी गरेका छन् ।

निजाम संग्राहलय सन् २००० मा सर्वसाधारणका लागि खुल्ला गरिएको थियो । अन्तिम बादशाह मीर उस्मान अली खानको सन् १९६७ मा मृत्यु भएको थियो । सन् १९६७ मा अली खानले प्राप्त गरेका विभिन्न बहुमूल्य उपहार पनि त्यहाँ राखिएको छ ।

स्मरण रहोस् अली खान कुनै समय विश्वका सबैभन्दा धनी व्यक्तिको रुपमा चर्चित थिए ।


**दाँते सोसाइटी नेपाल**

**नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।**

फोन : ९८५१०२३६७०, ४४४१८१२

प्रेरक प्रसंग

## खुसीको रहस्य

एकपटक एक धनाढ्यले छोरालाई सुख कसरी पाउन सकिन्छ ?' भन्ने सवालको जवाफ मागेर ल्याउन एक विद्वानकहाँ पठायो । ऊ लगातार ४० दिनसम्म हिँडेर विद्वानको घरसम्म पुग्यो । विद्वानको घर परिसरमा थुप्रै मानिसहरूको जमघट थियो ।

उसले मानिसको भिडकाबीच विद्वान्‌लाई खोज्यो । विद्वान् अन्य मानिससँगको कुराकानीमा व्यस्त देखिन्थे । उसले ढोकामै कुरेर बसिरह्यो । धेरै बेरपछि उनको नजर सो केटामाथि पर्‍यो । विद्वान् नजिक आएर उसको परिचय र आउनुको उद्देश्य सोधे । उसले आफ्नो परिचय दिँदै सोध्यो, 'सुख कसरी पाउन सकिन्छ ?' विद्वान्ले केटालाई भने, 'त्यसो भए मलाई एक घण्टापछि भेट, म काम सकेर आउँछु । तर त्यतिन्जेल तिमी मेरो सम्पूर्ण घर घुम्दै गर ।

मेरो घरको भव्यता हेर अनि बल्ल म विद्वान् हो, हैन भन्ने प्रमाणित हुन्छ । अरूले भन्दैमा सबै सत्य कहाँ हुन्छ र उनले चम्चामा तेल हालेर दिँदै भने, 'तिमी घुम्दा यसलाई पनि साथै लिएर घुम्नु तर याद राख्नु यसबाट एक थोपा पनि तेल चुहुनुहुँदैन ।' केटो घुम्न निस्कियो र एक घण्टापछि साबिककै स्थानमा आयो । विद्वान्ले चम्चा हेरे तेल जस्ताको तस्तै थियो ।उनले केटालाई हेर्दै भने, 'स्याबास तर के तिमीले पूरै घर घुम्यौ त ?'

केटाले जवाफ दियो- घुमें ।

त्यसो भए त्यो मेरो माथिको कोठामा झुन्ड्याएको मेरो मखमलको कमिज देख्यौ ? त्यो मलाई अति मनपर्छ । अनि मेरो कोठामा राखिएको त्यो ठूलो प्राचीन पेन्टिङ, कोठाको सजावट, घरबाहिरको भव्य बगैंचा, बगैंचाका हरिया रूखहरू, रंगिचंगी फूलहरू, उडिरहेका पुतलीहरू, परका पहाडहरू के तिमीले सबै देख्यो ?'

केटोले मुन्टो हल्लाउँदै भन्यो, 'मैले पूरै ध्यान चम्चामा लगाएको थिएँ यसर्थ ती सबै हेर्ने अवसर नै पाइनँ ।' विद्वानले भने, 'पुनः यो चम्चा लगेर ती पूरै चीज हेरेर आऊ ।' ऊ पूरै हेरेर साबिकै स्थानमा आयो र विद्वान्ले प्रश्न सोध्नु अगावै उसले देखेका सबै चिजको उत्कृष्ट वर्णन गर्‍यो ।

अन्त्यमा विद्वानले सोधे, 'अनि चम्चाको तेल नि ?' उसले चम्चातर्फ हेर्‍यो, त्यो पूरै रित्तो थियो । विद्वान्ले भने, 'खुसीको रहस्य यही हो, तिमीले संसारको सबैथोक हेर तर आफूसँग भएको चम्चाको तेल कहिल्यै नखसाल !'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ। शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ। भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै फाइदा उठाउन सकिनेछ।

### बृष
अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ। हल्लाको पछि लाग्दा चिताएको काममा अलमल हुनेछ। समयको गतिलाई पछ्याउन नसक्दा दुःख पाइनेछ। पेटको खराबीले स्वास्थ्य कमजोर रहनेछ। अध्ययनमा समय दिन नसकिए पनि बुद्धिको उपयोगले लाभ हुनेछ। लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ। शुभचिन्तकहरूले राम्रो साथ दिनेछन्।

### मिथुन
प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ। महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला। घरायसी आवश्यकता र सोखले खर्च भने बढाउन सक्छ। अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग विशेष सावधान रहनुहोला।

### कर्कट
सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। विशेष उपहार समेत हातलागी हुन सक्छ। कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ।

### सिंह
वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ। अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला।

### कन्या
अवसर प्राप्त भए पनि बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। तर प्रयत्न गर्दा स्थितिमा सुधार आउनेछ। दोहोर्‍याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ। आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। ठूलो आशा देखाउनेहरूबाट सावधान रहनुहोला।

### तुला
खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ। दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। तर करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने हुँदा सावधान रहनुहोला।

### बृश्चिक
दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ। छोटो समयमै राम्रो प्रगति हुनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ। सहयोगीहरूको साथ पनि जुट्नेछ । मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ । काम गर्दा होसियार रहनु राम्रो हुन्छ ।

### धनु
कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। विशेष भेटघाटले काममा उत्साह बढाउला। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ।

### मकर
चलचिताएको काम रोकिनाले दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला। कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। तापनि परिश्रमले फाइदा दिलाउनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकामा मन जानेछ। तर आफ्नो वस्तुमा समेत अरूले दाबी गर्न सक्छन्। श्रम परे पनि लाभांश अरूको हातमा पर्न सक्छ।

### कुम्भ
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन्। चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ। अप्ठ्यारो स्थितिमा पनि केही काम बन्नेछन्।

### मीन
दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ। आम्दानी राम्रो हुनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । मनमा सानातिना चिन्ताले डेरा जमाउन सक्छ ।

## कन्सर्टमा प्रदीपको क्रेज

हतारमा निर्माण गरिएको भए पनि हालै रिलिज भएको चलचित्र 'रोज' बाट राम्रै आशा राखिएको थियो । चलचित्रको प्रचारका लागि यसका नायक प्रदिप खड्का दुई नायिकाको साथमा विभिन्न शहरमा कन्सर्ट गर्न पुगे । कन्सर्टमा प्रदिपलाई हेर्न दर्शक ओइरिए । उनको गजबको क्रेज देखियो ।

तर, तिनै दर्शक पछि 'रोज' हेर्न हलसम्म आइदिएनन् । अहिले यो चलचित्र हलमा संघर्षपूर्ण तरिकाले चलिरहेको छ । कन्सर्टमा देखिएको जस्तो प्रदिपको क्रेज हलमा देखिएन । कसैले एउटा सफल प्रयोग गर्‍यो भने सबै त्यसैको पछि लाग्नु नेपाली चलचित्रकर्मीको रोग नै हो । पछिल्लो समय चलचित्रको पब्लिसिटीका लागि कन्सर्ट आयोजना गर्ने सिलसिला पनि रोगकै रुपमा फैलिएको छ । हरेकजसो चलचित्रले कन्सर्टलाई प्रचारको मुल अस्त्र बनाइरहेका छन् ।

कन्सर्टमा अहिले निर्माताले लाखौ खर्च गर्ने गरेका छन् । तर, अधिकांस चलचित्रले कन्सर्टबाट फाइदा उठाएको भने भेटिदैन । चलचित्र प्रचारको आ आफ्नै शैली हुन्छ । चलचित्रको बिषयवस्तु अनुसारको प्रचार शैलीले फाइदा गर्छ । म्यूजिकल लभ स्टोरी चलचित्रको कन्सर्ट ठिकै हो । तर, यहाँ त रुवाउने चलचित्र, एक्सन चलचित्र बनाउनेहरु पनि कन्सर्टकै पछि लागेका छन् ।

यो बर्ष त कन्सर्टको फेसन नै चलेको छ । बर्षको ५ महिनामा आधा दर्जन बढी चलचित्रले देशभर कन्सर्ट गरे । रोजभन्दा अगाड चलचित्र 'मेरी मामु' ले पनि देशैभरी कन्सर्ट गरेको थियो । कन्सर्टमा दर्शक राम्रै आएका थिए । तर, हलमा दर्शक आएनन् र चलचित्र एक सातामै अधिकांश हलबाट उत्रिएको छ ।

चलचित्र 'चि मुसी चि'को कन्सर्टमा पनि दर्शक उर्लिएका थिए । यसका निर्माता र निर्देशक कन्सर्टमा दर्शकले कलाकारको प्रस्तुतिलाई बबाल भनेकौ भन्दै फुरुङ्ग थिए । तर, हलमा दर्शक आएनन् । चलचित्रले नराम्रो घाटा ब्यहोर्यो । चलचित्र 'मिस्टर भर्जिन'को पनि कन्सर्ट भयो ।

चलचित्रका कलाकारको सेल्फी दर्शकको भीडमा गज्जबले देख्न पाइयो । तर, हलमा सुनसान भयो । चलचित्र चलेन । चलचित्र 'भैरे'ले पनि देशभर कन्सर्ट गर्‍यो । कलाकारले सेल्फीमा आफ्नो स्टारडम देखाउन खोजे । तर, हलमा दर्शकको अवस्था विजोग देखियो । यी त उदाहरण मात्र हुन् । अहिले हरेक हप्ता काठमाण्डौ बाहिर कुनै न कुनै कलाकारको टिम प्रचारका लागि भन्दै कन्सर्ट गर्न पुगिरहेका छन् । दर्शकले कलाकारलाई आफ्नो अगाडि देख्न पाएका छन् । सायद, कन्सर्टले उल्टै कलाकारलाई सस्तो बनाएको त होइन ?

## इन्टु र मिन्टु लण्डनमा असोजमै

अहिले दर्शकमाझ व्यग्रताका साथ प्रतिक्षा भइरहेको फिल्म हो 'इन्टु मिन्टु लण्डनमा' । गीतसंगीत र ट्रेलरबाट हाइप पाएको उक्त फिल्म असोज ५ गतेबाट प्रदर्शनमा आउँदैछ । रिलिज अगावै यस फिल्मबाट डेब्यु गरेका धिरज मगरमाथि सबैको नजर परेको छ । गिनेचुनेका अभिनेता द्वय अनमोल केसी र प्रदीप खड्काको विकल्पको रुपमा उनलाई हेर्न थालिएको छ । केही फिल्ममेकर्सले उनलाई महंगो पारिश्रमिकसहित फिल्म अफर गरेको पनि खबर छ । धिरजले भने 'इन्टु मिन्टु लण्डनमा' निर्देशक रेनाशा वान्तवा राईको अन्य तीन फिल्म साइन गरिसकेका छन् ।

युवापुस्तामाझ निकै नै लोकप्रिय नाम हो धिरज । उनलाई विशेषत नेपाली युटुबर भनेर चिन्ने गरिन्छ । उनको गजबको फ्यान फलोइंग छ । यसलाई 'क्यास' गर्नकै लागि रेनाशाले उनलाई फिल्ममा 'चान्स' दिएकी हुन् । उता अहिलेकी सर्वाधिक डिमान्डेड अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको फिल्ममा प्रमुख भूमिका छ । उनको नामले नै फिल्म चल्छ भन्ने मान्यता धेरैको छ । 'ड्रिम्स', 'ए मेरो हजुर २', 'तिमीसँग' र 'कायरा' पछि उनी पर्दामा देखिन लागेकी हुन् ।

फिल्ममा धिरज र साम्राज्ञीको जोडी बाँधिएको छ । अहिले दुबैले फिल्मको प्रचारका लागि प्रयाप्त समय छुट्याएका छन् । हालै उनीहरुले मोफसलका विभिन्न ठाउँमा पगेर दर्शकसँग प्रत्यक्ष रुपमा साक्षात्कार गरे ।

झापाको बिर्तामोड, दमक, बिराटनगर, धरान, इटहरी हुँदै फिल्म यूनिट आइतवार राजधानी फिरेको छ । मंगलवार पुनः 'इन्टु मिन्टु' अर्थात् धिरज र साम्राज्ञी पोखरा जाँदैछन् । त्यहाँ पत्रकार भेटघाटदेखि दर्शकलाई फिल्मको विषयमा जानकारी दिने कार्यक्रम रहेको निर्देशक राईले बताइन् ।

मोफसल दौडाहामा धिरज र साम्राज्ञीको क्रेज फ्यानमाझ गज्जबको देखिएको थियो । दर्शकको भिडबाट उनीहरुलाई जोगाउन निर्माण टिमलाई हम्मेहम्मे परेको थियो । एक सेल्फी नखिचि दर्शकले दुबैलाई पाइला सार्न दिएनन् ।

इटहरीको रिपोर्टस् क्लबमा आयोजना गरिएको कार्यक्रममा अहिलेकी साम्राज्ञीका 'डाइहार्ट' फ्यानहरु भेटिए । जसमध्ये एक थिइन् इटहरीमा 'पेस्को मेकअप स्टुडियो' सञ्चालन गर्दै आइरहेकी मनिता तामाङ ।

उनले साम्रज्ञी र उनको टिमलाई मायाको चिनो बोकेर पत्रकार भेटघाट कार्यक्रममा नै पुगेकी थिइन् । उनले साम्रज्ञी र टिमलाई फिल्मको पोस्टर फ्रेममा सजाएर आकर्षक मायाको चिनो प्रदान गरेकी थिइन् । तामाङ साम्राज्ञीको ठुलो फ्यान भएको बताउँछिन् ।

मोफसलका दर्शकबाट पाएको प्रतिक्रियाले आफूलाई फिल्म सफल हुनेमा विश्वास बढेको निर्देशक राईले बताएकी छन् । फिल्मको कथा र मेकिङमा बढी मिहिनेत गरेको उनको भनाई छ ।

'इन्टु मिन्टु लण्डनमा' लाई प्रज्ज्वल समशेर जबरा र प्रभु समशेर जबराले संयूक्त रुपमा निर्माण गरेका हुन् । फिल्ममा मिरा अर्थात् मिन्टुको भूमिकामा साम्राज्ञी, इशान अर्थात् इन्टुको भूमिकामा धिरज प्रस्तुत छन् ।

आई कोर फिल्मस्को व्यानरमा निर्मित फिल्मका सह(निर्माताहरुमा सुलेखा राई, बसन्त तामाङ र सुष्मिता जिरेल रहेका छन् । फिल्मको लेखकमा अभिमन्यु दिक्षित र रेनाशा रहेका छन् भने, आभास कर्माचार्यको संवाद रहेको छ ।

शैलेन्द्र धोज कार्कीको छायांकन रहेको रोमान्टिक लभस्टोरीमा सारुक ताम्राकार, अर्जुन श्रेष्ठ, दिलभुषण पाठक, विजय लामा, रुवी राणालगायतको पनि अभिनय छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Specious = झट्ट देख्दा वा सुन्दा सत्य जस्तो तर असत्य He is expert in making spacious argument ( झट्ट सुन्दा सत्य जस्तो लागे पनि ऊ असत्य कुरा गर्न खप्पिस छ)

Tycoon = धनी In Nepal there are no prominent tycoon rather corrupt politician (नेपालमा धनी नेता नभई भ्रष्टाचारी मात्रै छन्)

Unwarranted = आधारहीन, बिनासित्तीको An unwarranted rage might prove self destructive (बिनासित्तीको क्रोध आफ्नै लागि घातक हुन सक्छ)

Voracious = तृप्त नहुने The wolf is a voracious animal (ब्वाँसो कहिले तृप्त नुहने प्राणी हो)

Warren= खरायो लुक्ने दुलो The lane of Rome considered to be a warren where everyone gets lost (रोमको गल्ली खरायोको दुलो जस्तो छ पस्यो कि निस्कन गाह्रो हुन्छ)

Analogous = तुलनायोग्य The present political situation of Nepal is not anlalogous with that after the establishment of democracy in 1951 नेपालको वर्तमान राजनीतिक अवस्था २००७ सालसँग तुलनायोग्य छैन ।

Buffet = क्षतविक्षत हुने गरी चुट्नु The early rain before the monsoon buffeted the flowers (मनसुनपूर्वको वर्षाले फूलहरूलाई क्षतविक्षत हुने गरी चुट्यो)

Concillatory = सहमतिमा आउने His anger did not cool down despite his concillatory words (सहमतिमा आउने किसिमको उसको अभिव्यक्ति भए तापनि उसको क्रोध भने शान्त भएको थिएन)

Discordant = नमिल्दो They do not agree with each other because they have discordant view (विपरीत दृष्टिकोण भएको कारण तिनीहरू एकअर्कासँग सहमत हुँदैनन्)

Euphemism = नघोच्ने खालको सन्तुलित अभिव्यक्ति The expression " he passed away " is an euphemism for " he died" (ऊ मर्‍यो भन्नुभन्दा उनी स्वर्गवास भए भन्नु नघोच्ने खालको सन्तुलित अभिव्यक्ति हो)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

जीवन उत्पत्तिको समयमा कुन चीज वायुमण्डलमा स्वतन्त्र अवस्थामा थिएन ?
- अक्सिजन ग्यास

कुन चाहिँ बिरूवा अक्सिजन बिना बढ्न सक्दैन ?
- यिस्ट

सबभन्दा चाँडै बढ्ने रूखको नाम के हो ?
- युकेलिस्ट

गुलाबी रोग पिंक डिजिज केबाट हुन्छ ?
- बिग्रेको फलबाट

संयुक्त राष्ट्रसंघको बडापत्रमा कतिवटा धारा छन् ?
- १११ धारा

युएनइपीको प्रधान कार्यालय कुन देशको कुन ठाउँमा छ ?
- केन्याको नैरोबिमा

नेपालमा सर्वप्रथम महिला फुटबल प्रदर्शन खेल कहिले भयो ?
- २०३५ जेठ २८

विश्वको सबभन्दा ठूलो भूपरिवेष्ठित देश कुन हो ?
- मंगोलिया

अन्तरिक्षमा पुग्ने प्रथम अमेरिकी महिला को हुन् ?
- स्याली राइड

कुन देशको महिलालाई सम्पत्तिको लोभमा कुकुरसित विवाह गर्नुपर्‍यो ?
- अष्ट्रेलिया

भण्डारखाल पर्वमा सर्वप्रथम मारिने व्यक्ति को हुन् ?
- वीरध्वज

कीराहरूको अध्ययन गर्ने शास्त्रलाई के भनिन्छ ?
- इन्टोमोलोजी

फोकलेन्ड टापुको पुरानो नाम के हो ?
- मालविनाश

## सुडोकु-अंक ११९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | | | | | | २ | |
| | | ६ | ७ | | | | | |
| | ५ | | | | ९ | | | ७ |
| ७ | १ | | ६ | | | | ४ | |
| ३ | | | | | | | | ८ |
| | ९ | | | | ७ | | १ | २ |
| २ | | | १ | | | | ६ | |
| | | | | | २ | ९ | | |
| | ८ | | | | | | ३ | ५ |

## अंक ११८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | २ | ७ | १ | ५ | ८ | ६ | ९ |
| १ | ९ | ६ | ८ | ४ | २ | ७ | ५ | ३ |
| ७ | ५ | ८ | ६ | ३ | ९ | १ | २ | ४ |
| ९ | ८ | ३ | ५ | २ | ६ | ४ | १ | ७ |
| ६ | ७ | ४ | ३ | ९ | १ | २ | ८ | ५ |
| २ | १ | ५ | ४ | ८ | ७ | ९ | ३ | ६ |
| ५ | ३ | १ | २ | ७ | ४ | ६ | ९ | ८ |
| ४ | ६ | ९ | १ | ५ | ८ | ३ | ७ | २ |
| ८ | २ | ७ | ९ | ६ | ३ | ५ | ४ | १ |

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

ake somebody for = जस्तो लाग्नु, Do you take me for a fool तिमीलाई म मुर्ख जस्तो लाग्छ ?

Take something for = केहीको लागि लिनु He takes coffee only for giving company ऊ साथ दिनका लागि मात्रै कफि लिन्छ ।

Take chest = छाती हुनु He takes a 45 inch chest उसको ४५ इन्चको छाती छ ।

Take size = नम्बर चाहिनु What size shoes do you take? तिमीलाई कुन नम्बरको जुत्ता चाहिन्छ ?

Take test = परीक्षा दिनु When are you taking your driving test ? ड्राइभिङ लाइसेन्सको व्यावहारिक परीक्षा कहिले दिँदैछौ तिमी ?

Take a course = कक्षा लिनु She plans to take a German language course soon तिनले छिट्टै जर्मन भाषाको कक्षा लिने योजना बनाएकी छिन् ।

Take somebody = कसैलाई लिन आउनु She is sick, so doesn't come to take you today तिनी बिरामी छिन्, त्यसैले तिमीलाई लिन आउन्नन् ।

Take notes = नोट बनाउन He does not prefer taking notes at the lecture ऊ लेक्चरको नोट बनाउन मन पराउँदैन ।

Take pulse = नाडी छाम्नु He has no idea of taking pulse उसलाई नाडी छाम्न आउँदैन ।

Take Temperature = ज्वरो नाप्नु Normally everyone knows how to take temperature साधारणतया हरेकलाई ज्वरो नाप्न आउँछ ।

# बाल विकास समाजका विविध गतिविधि











## अन्तरक्रिया कार्यक्रम

बाल विकास समाजद्धारा सञ्चालित छात्रवृत्ति कार्यक्रम अन्तर्गत संस्थाले छात्रवृत्ति प्रदान गरेका बालबालिकाहरु उनीहरुका अभिभावक, विद्यालय प्रशासन, विषय शिक्षक तथा संस्थाका प्रतिनिधि एवं सरोकारवालाहरुबीच अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको छ । सामुदायिक विद्यालयमा आफ्ना बालबालिकाहरु भर्ना गरेपछि अभिभावकहरु विद्यालयमा आएर बालबालिकाहरुको पढाइ तथा अन्य विषययमा बुझ्ने तथा साथी संगतको बारेमा प्र अ एवं कक्षा शिक्षकसँग छलफल गर्ने परिपाटी कमै मात्रामा रहेको पाइन्छ । अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई खान लाउन दिएर मात्र नहुने कुरा थाहा पाउन जरुरी छ । बालबालिकालाई उपयुक्त समयमा मार्गदर्शन देखाउन सकिएन भने भोलिका दिनमा असल सन्तानको चहाना गर्नु निरर्थक छ । विद्यालय भर्ना गरि दिएर नियमित विद्यालय पठाउनु मात्र अभिभावको कर्तव्य होइन । नियमित रुपमा विद्यालय पठाउनुका साथै विद्यालयमा गएर कम्तीमा महिनाको एक पटक आफ्नो छोरा या छोरीको बारेमा सबै कुरा सोधखोज गर्नु असल अभिभावकको दायित्व हो । आफूले समय दिन नसक्ने अनि गल्ती भएपछि बालबालिकामाथि दोष थुपार्ने प्रवृत्तिको अन्त्य हुनु जरुरी छ । बालबालिकाहरुको उमेर अनुसार क्षमता र चेतनाको विकास हुँदै जाने कुरामा कतिपय अभिभावकलाई बुझाउनु जरुरी छ । उनीहरुको उमेर अनुसार व्यवहार गर्नका लागि प्रेरित गर्नुपर्छ । वयष्क मानिस र बालबालिकाको व्यवहार एउटै कहिल्यै नहुने कुरा सबै अभिभावकले बुझ्न जरुरी छ। बालबालिकाहरुलाई सकरात्मक तवरबाट व्यवहार गर्न सकियो भने उनीलाई सहिमार्गमा ल्याउन सकिन्छ । यसकारण बाल विकास समाजले बालबालिकाहरुको सिकाइ प्रभावकारी बनाउनका लागि अभिभावकहरुसँग यस्तै कुराको बारेमा छलफल गर्ने गर्दछ। यस कार्यक्रमको प्रभावले बालबालिकाहरुलाई सोही अनुसारको व्यवहार गर्न कतिपय अभिभावकहरु थालेका छन् । उनीहरुका बालबालिकाहरुले सामुदायिक विद्यालयमा राम्रो अंक प्राप्त गरी कक्षा उर्त्रिण गर्न सफल भएका छन् । यसै सिलसिलामा संस्थाले प्रदान गरेको छात्रवृत्ति अन्तर्गतका बालबालिका उनीहरुका अभिभावक, विद्यालय प्रशासन तथा संस्थाका प्रतिनिधिबीच छलफल कार्यक्रम सम्पन्न गरेको थियो छलफल कार्यक्रम छात्रबृत्ति अर्न्तगतका विद्यालयमानै गएर गरिएको थियो । कार्यक्रममा बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा छलफल गरिएको थियो । छलफलबाट बालबालिकाहरुको शैक्षिक सफलताका लागि सबै पक्ष जिम्मेवार हुनु पर्ने कुराको बारेमा सबैजना एकमत भएको अवस्थामा विद्यालयको भूमिका पनि सोही अनुसार हुनुपर्ने कुरा छलफलमा गरिएको थियो । छलफल कार्यक्रम संस्थाका कर्मचारी रञ्जना गौतमले सञ्चालन गर्नु भएको थियो । संस्थाले छात्रवृत्ति सहयोग गरेर हामीलाई सहज भएको बारेमा आफ्ना कुराहरु राखेका थिए । साथै उनीहरुले बाल विकास समाजलाई धन्यवाद समेत दिएका थिए ।

## बालबालिकाहरूलाई दिवा खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ। बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको छ। साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ ।

बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔं कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ। विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसैगरी समाजसेवी विश्वास पराजुलीले बालबालिकाहरुलाई दिवा खाजाका लागि सहयोग गर्नु भएको हो। उहाँले संस्थालाई रु ५००० रकम सहयोग गर्नु भएको थियो ।

**प्रस्तुती : रञ्जना गौतम / गोविन्द वि क**

बाँकी ८ पेजमा



## निर्मला...



प्रदर्शन गरेका छन् । निर्मला पन्तलाई बलात्कार र हत्या गर्ने दिलिप सिंह बिष्ट हुन् भन्दै प्रहरीले खडा गरेका कथित हत्यारा बिष्ट डीएनए परीक्षणपछि हिरासत मुक्त भएका छन् । हत्याकाण्ड छानबिन गर्न गठित उच्च स्तरीय समितिका सदस्य उपसचिव वीरेन्द्रबहादुर केसीले आफू असुरक्षित भएको भन्दै राजीनामा दिएका थिए । फेरि उनले नाटकीय रुपमा समितिमा बस्ने भनेर पत्रकार सम्मेलन गरेका छन् । प्रहरीले घटनाको वास्तविकता पत्ता लगाउन भन्दा दशी, प्रमाण मेटाउन मात्र सक्रियता देखाएको आरोप कञ्चनपुरबासी तथा पन्त परिवार र आफन्तजनहरुले लगाइरहेका छन् ।

घटनाको अनुसन्धानमा दक्षिण एसियामै उत्कृष्ट रहेको नेपाल प्रहरी यस घटनामा किन र कसरी चुक्यो ? गम्भीर प्रश्न उठेको छ । घटनाका दोषी बचाउन प्रहरी सक्रिय रहेको भन्दै पन्तका आफन्तले कञ्चनपुर प्रहरीका तत्कालीन प्रमुख एसपी डिल्ली बिष्ट र डीएसपी ज्ञानबहादुर सेठीको डिएनए परीक्षण गर्न माग गरेका छन् । प्रहरीले निर्दोष मानिस फसाउने र दोषी बचाउन खेलेको भूमिका अत्यन्तै शंकास्पद भएकाले अनुसन्धानको दायरामा प्रहरीलाई नै ल्याउनुपर्ने माग स्थानीयले गरेका छन् ।

अहिले पञ्चायत काल होइन, जहाँ नमिता, सुनिताका हत्याराहरु पहिचान हुँदा पनि छुन सकिएको थिएन । कानुनी रुपमा अहिले हुन नसक्ने अवस्थामा कोही छैन, तर व्यवहारमा ठूलो भेदभाव देखिन्छ । सिंगो राज्यलाई नै कलंकित बनाउने यो घटनाका अपराधी पत्ता लगाई ढाकछोप गर्ने प्रयास गरियो भने त्यसले भविष्यमा कानुन र प्रहरीप्रतिको जनविश्वास धूलामा मिलेर जानेछ । त्यसैले यसमा राज्यका जिम्मेवारहरुले मौनता तोड्नैपर्छ । अपराधीलाई जोसुकै भए पनि कानुनी कठघरामा ल्याउन सक्नुपर्छ ।

## प्रचण्डको...

छ । प्रचण्डको दिल्ली दौडाहापछि उनको महत्वकांक्षा सतहमा प्रकटित भएको छ । दिल्ली प्रधानमन्त्री ओलीलाई आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्न दिने पक्षमा देखिँदैन । विगतमा जसरी नै प्रचण्डलाई पुनः भारतीय स्वार्थमा प्रयोग गर्ने दाउमा देखिएको छ । अबका अठार महिनापछि ओलीलाई सत्ताबाट ओराल्न दिल्लीले अहिलेदेखि नै षड्यन्त्रका तानाबुना कस्न थालेको छ । यसअघि पनि प्रचण्डलाई उपयोग गरेर दिल्लीले ओली नेतृत्वको लोकप्रिय सरकारलाई ढालेको स्मरणीय छ । प्रधानमन्त्री ओलीले पटक पटक अब भारतसँग कुनै समस्या नरहेको बताउँदै आएका छन् । तर भारतका लागि उनी आफैं समस्या बनेको विश्लेषकहरु बताउँछन् ।

राष्ट्रहित विपरीतको महाकाली सन्धि संसदबाट अनुमोदन गराउन उम्दा भूमिका निर्वाह गरेपछि ओलीमाथि भारतपरस्तको आरोप लाग्यो । ओलीले तत्कालीन एमालेभित्र मदन भण्डारी फाउन्डेसनका नाममा आफ्नो नेतृत्वमा सामानान्तर पार्टी चलाउन सुरु गरे । उनले आफूलाई मदन भण्डारीको उत्तराधिकारीका रुपमा प्रस्तुत गर्न थाले । माधव नेपालको कमजोर नेतृत्वको फाइदा उठाउँदै ओली पार्टीभित्र बलशाली बन्दै गए । बहुदलीय जनवादको ओली अस्त्रले माधव र झलनाथलाई पार्टीभित्र घायल मात्र बनाएन आखिरमा पार्टी नेतृत्वबाट दुवै नेता पाखा लाग्नुपर्‍यो र एमाले अध्यक्षमा ओली निर्वाचित भएपछि ओली युगकै सुरुवात भयो । मधेस आन्दोलनको आगो दन्किरहेको र भारतीय नाकाबन्दीको पीडा नेपाली जनताले झेलिरहेका बेला ओली मुलुकको कार्यकारी प्रमुखमा उदाए । उनले भारतीय परनिर्भरताको विकल्प पहिल्याए । भारतसामु लम्पसार परेनन् र उत्तरतिर हानिए । कतिपयले ओलीले चाइना कार्ड खेलेको आँकलन पनि गरे । ओलीले बेइजिङ गएर चीनसँग जब दीर्घकालीन महत्वको पारवहन सम्झौता गरे उनी एकाएक नेपाली राजनीतिका 'सुपर स्टार' बन्न पुगे । नेपालका कुनै पनि प्रधानमन्त्रीले आँट नगरेको काम उनले गरे । भारत रिसाउने डरले कुनै पनि प्रधानमन्त्रीले चीनसँग व्यापार तथा पारवहन सम्झौता गर्न सकेका थिएनन् । भर्खर मात्र पारवहन प्रोटोकलमा नेपाल र चीनबीच हस्ताक्षर भएको हो । नेपालले चीनका सबै बन्दरगाह उपयोग गर्न पाउने भएको छ । यसले भारतीय परनिर्भरताको अन्त्य गर्नेछ । ओलीकै पहलमा चीनले सिगात्से हुँदै केरुङसम्म रेल सञ्चालन गर्ने भएको छ । चिनियाँ रेल नेपाल आउनु र चिनियाँ बन्दरगाह खुला हुनुले अब भारतीय नाकाबन्दीसँग नेपालले डराउनुपर्ने अवस्था रहने छैन तर समयको प्रतिक्षा भने गर्नुपर्छ नै । चिनियाँ राष्ट्रपति सि जिन पिङको महत्वकांक्षी परियोजना बेल्ड एन्ड रोड इनिएसिटिभ (बीआरआई) मा समेत नेपाल सामेल भइसकेको छ । नेपालको जलविद्युत र अन्य उद्योगधन्दाहरुमा चिनियाँ लगानी अभिवृद्धि भइरहेको छ । ओली पाँच वर्ष सत्ताको नेतृत्वमा रहिरहे नेपालमा बढ्ने चिनियाँ प्रभावले भारतीय प्रभावलाई विस्थापित गर्ने भयले भारतीय शासकवर्गको निद हराम हुन थालेको छ ।

प्रचण्ड प्रधानमन्त्री भएका बेला दिल्ली गएर भारतको विदेश नीतिमा नेपालको परराष्ट्र नीतिलाई सामेल गराएर आए । १९५० को सन्धिभन्दा खतरनाक यस्तो प्रावधानलाई टेकेरै भारतले बिमस्टेक सैन्य अभ्यासमा नेपाललाई घिसार्न खोजेको हो । तर प्रधानमन्त्री ओलीले नेपाली सेनालाई बिमस्टेक सैन्य अभ्यासबाट अलग गर्दै नेपालको परराष्ट्र नीति असंलग्न र तटस्थ रहेको अन्तर्राष्ट्रिय सन्देश प्रवाह गरिदिए । यसले भारतीय शासक वर्ग ओलीप्रति क्रुद्ध हुनु स्वाभाविक नै हो । ओलीले बिमस्टेकलाई सार्कको विकल्प नभएको भन्दै सार्क शिखर सम्मेलन गर्न पहल गरिने जानकारी समेत दिएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ओलीसँग झनै बिच्किएका छन् । भारत, पाकिस्तान र चीनबिनाको क्षेत्रीय संगठनमा जोड दिइरहेको छ । दक्षिण एसियामा मात्र होइन, आसियनमा समेत आफ्नो प्रभाव विस्तार भएको सन्देश भारतले पूर्ण सैन्य अभ्यासमार्फत प्रवाह गर्ने जमर्को गरिरहेको छ । तर नेपाल र थाइल्यान्डले पर्यवेक्षकका रुपमा मात्र सहभागिता जनाएपछि नयाँदिल्लीको चुरीफुरी हराएको छ । भारतीय आग्रहलाई अस्वीकार गर्ने ओली आँटले मोदी सत्ता विक्षिप्त बनेको छ । यही कडीमा टेकेर भारतले नेपालको पाँच वर्षे कार्यकाल पाएको वाम सरकारलाई अठार महिनापछि क्षतविक्षत बनाउने रणनीति अनुरुप प्रचण्ड कार्ड खेल्न सुरु गरेको छ ।

संविधानतः दुई वर्षसम्म प्रधानमन्त्रीका विरुद्ध अविश्वास प्रस्ताव ल्याउन पाइँदैन । दुई वर्षपछि ओलीविरुद्ध अविश्वास प्रस्ताव आउने सुइँको पाउनासाथ ओली चुप बस्ने छैनन् । अविश्वास प्रस्ताव प्रचण्डले ल्याउन मिल्दैन । यसका लागि पार्टी समीकरण भत्काउनुपर्छ । यसअघि नै मुलुक मध्यावधिको चुनावको संघारमा पुगिसकेको हुनेछ । नेपालमा दुईतिहाई बहुमतको सरकार नफाप्ने हो कि भन्ने शंका उत्पन्न हुन थालेको छ । २०१५ सालमा भएको प्रथम आम निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाई बहुमत ल्यायो । तर २०१७ साल पुस १ गते तत्कालीन संविधानको धारा ५५ प्रयोग गरेर राजा महेन्द्रले सैन्य कु गरिदिए । ०४८ सालको आम निर्वाचनमा फेरि कांग्रेसले प्रचण्ड बहुमत ल्यायो । तर गिरिजाले मध्यावधिको पासा फ्याँकिदिए । अहिले नेकपा दुईतिहाईको हैसियतमा छ । तर यो सरकारलाई पनि विघटन गराउने खेल नेपथ्यबाट सुरु भइसकेको छ । अहिलेदेखि नै पार्टी संगठनलाघई सुदृढ गर्दै गए सत्ता बाहिरका वाम पार्टीहरुको भविष्य लोभलाग्दो बन्ने सम्भावनालाई इन्कार गर्न सकिन्न ।

## उत्तर...

दिलाएको र त्यसपछि १९५० देखि १९५३ सम्म अमेरिकी सम्राज्यवादसँग लडेको ऐतिहासिक युद्धको चर्चा गर्दै मैनालीले साहसिक नेतृत्वका कारण असमान लडाइँमा पनि कोरियाको विजय भएको बताउनुभयो । क्रान्ति निर्माणको प्रमुख तत्व मान्छे हो । मान्छेले चाहेमा सबै कुरा पूरा गर्न सकिन्छ भन्ने कुराको उदाहरण कोरिया रहेको भन्दै महासचिव मैनालीले भौगोलिक हिसाबले सानो मुलुक भए पनि सामरिक दृष्टिकोणले अमेरिकी साम्राज्यवादलाई घुँडा टेकाएर वार्ताको टेबुलमा ल्याउन सक्ने क्षमता कोरिया र यसको सफल नेतृत्वले हासिल गरेकोमा अब कोरियाको शान्ति र समृद्धिको ढोका कसैले बन्द गर्न नसक्ने बताउनुभयो । खरानीको थुप्रोदेखि माथि उठेको प्रजातान्त्रिक जनगठबन्धन कोरियाका साहसिक र दूरदर्शी नेतृत्व कमरेड किम इल सङ कमरेड किम इल जोङ र वर्तमान सर्वोच्च नेता मार्सल किम जोङ इलले आआफ्नो समयमा कोरियाको उन्नति प्रगतिको लागि पुर्‍याएको योगदान विश्वमा नै उदाहरणीय भएको भन्दै मैनालीले आगामी दिनमा कोरियाको स्थायी शान्ति र एकीकरण जुक्षे विचार धाराका आधारमा हुन सकोस् भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

तेस्रो धार

# कम्युनिस्ट घोषणापत्र र सान्दर्भिकता-३

**हस्तबहादुर केसी**

एक पुरै वैज्ञानिक दर्शनको रूपमा त्यसले पुरानो पुँजीवादी विश्वको विनास र नयाँ साम्यवादी विश्वको सिर्जनाको लागि अर्थात् विश्वको आमूल रूपान्तरणको लागि मार्क्सवाद जब्बर सैद्धान्तिक जग बन्न पुग्यो । अझै अर्को शब्दमा भन्नु पर्दा विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरिरहेको सर्वहारावर्गको प्रयासलाई मार्क्सवादी दर्शनले सैद्धान्तिक आधार र निर्देशन प्रदान गर्दै आएको छ । यसमा सर्वहारावर्गले संसारलाई ठिकसित बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ ।

यसको महत्वलाई दर्शाउँदै लेनिनले लेख्नु भएको छ, -'मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।' -लेनिन संकलित रचनाहरू भाग १९, पृष्ठ २५ ।

सर्वहारावर्गका लागि दर्शनको कति महत्व हुन्छ भन्ने बारेमा आफ्नो कानुन सम्बन्धि 'हेगेलको दर्शनको आलोचनामा एक देन' शीर्षकको लेखको प्रस्तावनामा मार्क्सले लेख्नु भएको छ, - 'जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउछ ।' मार्क्स र एंगेल्स, संकलित रचनाहरू, भाग ३, पृष्ठ १८७ ।

त्यसैगरी मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई कमरेड माओत्सेतुङले यसरी दर्शाउनु भएको छ, - 'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसंघर्षको सिद्धान्त तर जग चाँही मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटै साझा भाषा वा कुनै साझा तरिका हुने छैन, हामीले चिजहरूलाई स्पष्ट नपारिकन यता उताको कुरा तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरि सकेपछि थुप्रै दुःखकष्ठबाट जोगिने छ र धेरै गल्तीहरू हट्ने छन् ।'

मार्क्सवाद गतिशील र वैज्ञानिक सिद्धान्त हो । आज मार्क्सवाद एक्लो छैन । यसले पहिलो चरणमा मार्क्सवाद र मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादका साथै मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको विकास भइसकेको छ । यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ ।

पुँजीवादको विकाससँगै जन्मिएको सर्वहारावर्ग इतिहासको अन्तिम, अन्तर्राष्ट्रिय र क्रान्तिकारी वर्ग हो । युरोपमा सर्वहारावर्गको उदय र पुँजीवादका विरुद्ध यसको संघर्षको भौतिक वातावरणले मार्क्सवादको जन्मको लागि आवश्यक पूर्वाधारको काम गर्‍यो ।

अत्यन्त घनिष्ट सहकर्मी फ्रेडरिक एगेल्सको सहयोग सहित कार्ल मार्क्सद्वारा विलक्षण प्रतिभाका साथ द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका रूपमा सर्वहारावर्गको विश्व दृष्टिकोणको अनुसन्धान गरियो । मार्क्सवादको रूपमा स्थापित यो वैज्ञानिक अनुसन्धान आफ्नो सारतत्वमा मानव जातिले हज्जारौं वर्षका क्रममा आर्जन गरेका अनुभव र ज्ञानको सर्वोच्च संश्लेषण हो । 'दुनियाँको व्याख्या गर्ने मात्र होइन, मुख्य कुरा त यसलाई बदल्ने हो' भन्ने क्रान्तिकारी उद्देश्य सहित संश्लेषित यो विज्ञानले मानव जातिकै चिन्तनको क्षेत्रमा एउटा अभूतपूर्व क्रान्ति ल्याइदियो । समाजमा विद्यमान सबै प्रकारका रुढी, अन्धविश्वास र पन्थहरूका विरुद्ध मार्क्सवादले दुनियाँ बुझ्ने र दुनियाँ बदल्ने वैज्ञानिक अस्त्र प्रदान गर्‍यो ।

भौतिक आवश्यकता परिपूर्तिको निमित्त उत्पादन र पुनर्उत्पादनको प्रक्रियामा उत्पादक शक्तिको विकाससँगै कसरी मानिसहरूको बीचमा विशिष्ट उत्पादन सम्बन्ध कायम हुन जान्छ र आदिम साम्यवादी व्यवस्थापछिको समग्र इतिहास कसरी निश्चित वैज्ञानिक नियमद्वारा निर्धारित वर्गसंघर्षको इतिहास भयो भन्ने कुरा पनि अकाट्य तथ्य सहित मार्क्सवादले प्रमाणित गर्‍यो । यही नै ऐतिहासिक भौतिकवादको समग्र इतिहासप्रतिको आरोप हो ।

पुँजीवादी शोषण र समाजका मुट्ठीभर पुँजीपतिहरूका हातमा पुँजीको संकेन्द्रणको रहस्य उद्घाटन गर्दै कार्लमार्क्सले अतिरिक्त मूल्यको सिद्धान्त अगाडि ल्याउनु भयो । नाफा कमाउने धुनमा पुँजीवादले कसरी मानवीय श्रमलाई निर्जिव वस्तुमा परिणत गरी शोषणको व्यूह-रचना गर्न पुगेको छ र आधुनिक सर्वहारावर्गको विशाल फौजको विकास गरी अन्ततः कसरी उसले आफ्नै चिहान खन्ने काम गरिरहेको छ भन्ने कुरा पनि मार्क्सवादले स्पष्ट गर्‍यो ।

उत्पादन शक्तिको अभूतपूर्व विकास, उत्पादन प्रक्रियाको सामाजिकीकरण तथा उत्पादनमाथिको व्यक्तिगत स्वामित्वका बीचको अन्तरविरोधको विशिष्ट स्थितिमाथि ध्यान दिँदै मार्क्सवादले सर्वहारावर्गको काँधमा आएको सामाजिक क्रान्तिको जिम्मेवारी तथा मानिसद्वारा मानिसमाथि हुने सबै प्रकारका शोषणको अन्त्य गरी वर्गविहीन, राज्यसत्ताविहीन मानव जातिको स्वर्णिम भविष्य साम्यवादी समाजको वैज्ञानिक आदर्श प्रस्तुत गर्‍यो ।

मार्क्सवादको उदय पछि विश्वमा ठूला ठूला उथलपुथलकारी परिवर्तन र क्रान्तिहरू पनि सम्पन्न भए । रुसमा सन् १९१७ मा र भियतनाम तथा उत्तर कोरियामा सन् १९४५ मा क्रान्तिहरू सम्पन्न गरिए । त्यस्तै सन् १९४९ मा चिनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो भने सन् १९५९ मा क्युवामा क्रान्ति सम्पन्न भयो । पूर्वी युरोपका २०औं राष्ट्रहरूमा सोभियत मोडेलको समाजवाद लागु गरियो ।

यसको अर्को नकारात्मक पाटो के हो भने रुस र चिनमा भएको प्रतिक्रान्ति र पुँजीवादको पुनस्थापनाले विश्वकम्युनिस्ट आन्दोलन र विश्व समाजवादी शिविरमा ठूलो क्षति पुग्न गयो । र विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा खुम्चिनु बाध्य भयो । अहिले सम्म पनि यो स्थिति कायमै छ । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास र महान् नेपाली क्रान्तिको बाटोमा पनि दक्षिणपंथी संशोधनवाद, नवसंशोधनवाद र संसदवादले गंभीर प्रकारको क्षति पुर्‍याउँदै आएको छ ।

इतिहासदेखि नै संशोधनवादले मार्क्सवादमाथि भीषण आक्रमण गर्दै आएको छ । पहिलो अन्तर्राष्ट्रियको समयमा मार्क्स र एंगेल्सले प्रुधोपन्थी, लासालवादी तथा ब्लांकीपन्थी जस्ता अवसरवाद र अराजकतावाद विरुद्ध भीषण विचारधारात्मक संघर्ष चलाएर मार्क्सवादको रक्षा र विकास गर्ने काम गर्नु भयो ।

त्यस्तै दोश्रो अन्तर्राष्ट्रियमा घुस्न सफल भएका बर्नस्टिन, मार्तोमपन्थी तथा काउटस्की जस्ता संशोधनवादी र संसदवादीहरूका विरुद्ध भीषण विचार धारात्मक संघर्ष गरेर लेनिनले मार्क्सवादको रक्षा र विकास र प्रयोग गर्ने क्रममा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादलाई थप समृद्ध तुल्याउने काम गर्नु भयो ।

मार्क्सवादको रक्षा, प्रयोग र विकासको प्रश्न ज्यादै जटिल प्रश्न हो । यसलाई विचारको विकास गरेर मात्र रक्षा गर्न र विकास गर्न सकिन्छ । त्यसो भएर फ्रेडरिक एंगेल्सले भन्नु भएको छ, -'सर्वहारावर्गको विकास जहाकही पनि आन्तरिक संघर्षको बीचबाट नै अगाडि बढ्छ, जस्तो कि मार्क्स र म आफैले पनि अरु कसैसँग भन्दा बढि नक्कली समाजवादीहरू विरुद्ध जीवनमा कठिन लडाई लडेका थियौं ।'

'साम्यवादका सिद्धान्तहरू' मा एंगेल्सले सैद्धान्तिक रूपमा सर्वहारा पार्टीका केही महत्वपूर्ण कार्यक्रमसम्बन्धी र कार्यनीतिसम्बन्धी सिद्धान्तहरूको आधार प्रस्तुत गर्नुभयो र ती कदमहरूतर्फ औंल्याउनुभयो जसलाई कार्यान्वित गरेर सत्ता विजय गर्ने सर्वहारावर्गले पुँजीवादबाट समाजवादतर्फ संक्रमणको तयारी गर्दछ भन्ने रहेको छ । अन्त्यमा विश्वमा दुइवटा समाजवाद छन्, काल्पनिक समाजवाद र वैज्ञानिक समाजवाद, बुर्जुवा समाजवाद र जो पुँजीपति वर्गको अधिनायकत्व अन्तर्गत संचालित हुन्छ भने अर्को वैज्ञानिक समाजवाद जो सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत सञ्चालन गरिने समाजवाद ।

कोरियाली दुताबासका डेपुटी चिफ किम होले नेपाली भाषामा सम्बोधन गर्दै कोरियाले विभिन्न क्षेत्रमा पाएको सफलताको चर्चा गर्नुभयो । उहाँले कोरिया स्थापनाको ७० औं वर्षगाँठ कोरियामा भव्यतापूर्वक मनाइरहेको जानकारी दिँदै नेकपा माले र नेपाघल कोरिया मैत्री संघले कार्यक्रम आयोजना गरी अतिथिको रुपमा निम्ता गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा नेकपा माले स्थायी समितिका सदस्य तथा पूर्वमन्त्री कुमार बेलवासे, नेपाल कोरिया मैत्री संघका महासचिव रामकृष्ण कर्माचार्य, मैत्री संघकै विनोद अधिकारीले सम्बोधन गर्नुभएको थियो । दुतावासमार्फत कोरियाका सर्वोच्च नेतालाई नेकपा मालेका महासचिव सीपी मैनालीले हस्ताक्षर गरी पठाएको शुभकामना सन्देश माले पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले वाचन गरी दुतावासका डेपुटी चिफलाई महासचिव मैनालीले हस्तान्तरण गर्नुभएको थियो । नेकपा माले स्थायी समिति सदस्य तथा पूर्वमन्त्री डम्बर श्रेष्ठ, नेकपा मालेका अन्य नेता कार्यकर्ताहरु तथा मैत्री संघका सदस्य सहभागीहरुले हल खचाखच भरिएको थियो ।

## प्रेसमाथि...

गल्ती नगर्नेले डराउनु पर्दैन' भनेर । तर अहिले खोजतलासका सम्पादकलाई थुनेर सबै पत्रकारलाई तर्साउने षड्यन्त्रमा राघज्यको प्रशासन यन्त्र लागेको देखिन्छ । प्रेसको घाँटी निमोठेर कहिले पनि लोकतन्त्रको संरक्षण हुन सक्दैन । ज्ञानेन्द्र शाहको निरंकुश शाही शासनका बेला पत्रिकाका कार्यालय र छापाखानामा समेत प्रहरी र सेनाका मानिस सेन्सरसीपका लागि पठाउने गरिएको थियो । आखिर पराल हालेर जति धूवाँ छोप्ने प्रयास गरे पनि त्यो डढेर खरानी बन्न पुग्यो । वर्तमान सरकारका कार्यशैली निरंकुशतातर्फ बढिरहेको भनेर प्रमुख प्रतिपक्षले भन्दै आएको छ । आखिर सरकारले प्रेसमाथि चलाएको निरंकुशताको डन्डाले त्यसको प्रमाणित गरिरहेको छ । पत्रपत्रिकामा छापिएका समाचार, विचार, विश्लेषणमाथि चित्त नबुझे निगरानी र कारबाही गर्ने निकाय नेपाल प्रेस काउन्सिल हुँदाहुँदै प्रहरी प्रशासनको दुरुपयोग गरी पत्रकारलाई हिरासतमा कोच्ने काम कदापि न्यायसंगत देखिँदैन । नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल तथा नेपाली कांग्रेस लगायतले पत्रकार पक्राउ तथा प्रेसमाथिको हस्तक्षेपको विरोध गरेका छन् ।

## नेपाली भूमि...

बढी जग्गा भारतमा गाभिने अवस्था आएको छ । स्थानीयले खनजोत गर्दै आएको ४० बिघाभन्दा बढी नम्बरी जग्गा पनि नेपाली पक्षको कमी कमजोरीले गुम्ने अवस्था आएको र जग्गाधनीहरुले जति कराउँदा पनि सम्बन्धित अधिकारीले नसुनेजस्तै गरेका छन् ।

मूल पिलर ३९२ अन्तर्गत पर्ने कित्ता नम्बर ४८ र १४ को चार कठ्ठा जग्गाको लालपुर्जा र विन्दु महतोको नाममा भए पनि नयाँ गाड्न लागिएको पिलरले उनको जग्गा भारतको अधिनमा जाने अवस्था रहेको छ । महतो लगायत धेरै जनाको नम्बरी जग्गा भारततिर जान लागेको र त्यसको जानकारी जिल्ला प्रशासन कार्यालय र नेपाल भारत सीमा टोली कार्यालय सिरिसियालाई जानकारी गराउँदा समेत ध्यान नदिएको स्थानीयको भनाइ छ । मूल पिलर ३९१ को ३९ वटा सहायक पिलरअन्तर्गत सीमावर्ती सन्दर टोल नेपालमै पर्ने भए पनि हालै गाड्न लागिएको नयाँ पिलरले सुन्दर टोल भारतमा नै गाभिने अवस्था आएको छ । नेपाल र भारतको सिमाना छुट्याएको सिरसिया खोलाको बहाव नेपाली भूमि छपकैयातिर आएकाले टोलीले पुरानो पिलर भएको स्थानमा नयाँ पिलर नराखेर नेपाली भूमिमा ल्याएर राखेको पाइएको छ । सन् १८४० मा सीमा सर्वेक्षण भएको नक्सा अनुसार नै पिलर गाडिनुपर्ने स्थानीयको माग छ ।

## चन्द्रमामा...

सेना गठन गर्ने प्रतिबद्धता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमले गरिसकेका छन् । चन्द्रमामा बसोबासी आदिबासी मानवहरुको सृष्टिसँगै ग्रह उपग्रह नक्षत्रहरुको रक्षक सेनाहरु गठन गर्ने अमेरिकी राष्ट्रपतिको घोषणाले संसारमा हलचल ल्याएको छ । सबै प्रकारका भ्रष्टहरु र सामाजिक अपराधीहरु उन्मूलन समाजको विकास बिना ग्रहमा जान र बस्न कठिन हुने अमेरिकीहरुको भनाइ छ । १०८ प्रकृतिका भ्रष्टाचारहरु उन्मूलन क्रान्ति अमेरिकी सरकारले कानुन बनाइ सुरु गर्नुपर्ने अमेरिकी आदिबासीहरु बताउँछन् । पवित्र व्यक्ति र समाज मात्र ग्रह उपग्रहहरुमा बाँच्न सक्ने पनि उनीहरुको दाबी छ । नासामा काम गर्ने कर्मचारीको आचरण नैतिकता, चरित्र, संस्कार र प्रवृत्तिहरु सम्बन्धमा अमेरिकी आदिबासीहरु खोजी गर्दैछन् ।

*उद्धवप्रसाद गौतमबाट*

## नेपालप्रति...

आएको उल्लेख गरिएको छ । महाभारत, स्कन्द, गरुड, बराह पुराण आदिमा पनि नेपालको उल्लेख छ । ऐतिहासिक पारमाणिक अभिलेखकै कुरा गर्ने हो भने समुद्र गुप्त (सन् ३५०-३७५) को प्रयाग अभिलेखलाई भारतीय शासक वर्गले एकपटक पढे हुन्छ, जसमा नेपालको नाम उल्लेख छ ।

स्वतन्त्र व्यापार क्षेत्रलाई थाँती राखेर भारत सुरक्षा विषयमा केन्द्रित भइरहेको छ । बिमस्टेकको प्राथमिकता क्षेत्रीय कनेक्टीभिटी बढाउनु र बंगालको खाडीको सञ्जाल ब्युँताउनु हो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बिमस्टेकलाई आफ्नो नेतृत्वको क्षेत्रीय सैन्य संगठन बनाएर भारतको नेतृत्वमा संयुक्त अभ्यास गरिरहेका छन् । मूलतः पाकिस्तान र चीनलाई आफ्नो प्रभाव आसियनसम्म रहेको सन्देश प्रवाह गर्न खोजिरहेको छ भारत । थाइल्यान्ड र म्यान्मार आसियन सदस्य देशहरु हुन् । दक्षिण एसियामा आफ्नो चिरपरिचित दुश्मन राष्ट्र ठान्ने भारतले पाकिस्तानलाई क्षेत्रीय संगठनबाट 'आउट' गर्नकै लागि बिमस्टेकलाई क्रियाशील बनाइरहेको छ । पाकिस्तान सार्कको सदस्य राष्ट्र र चीन पर्यवेक्षक रहेकाले भारत सार्कलाई जसरी पनि विसर्जन गर्न खोजिरहेको छ ।

संयुक्त सैन्य अभ्याससम्बन्धी प्रस्ताव भारतले औपचारिक रुपमा राखेको हो । औपचारिक प्रस्ताव भए पनि त्यो प्रस्ताव सबैभन्दा पहिले सचिवालय र महासचिवमार्फत पेस हुनुपर्छ । भारतीय प्रधानमन्त्री मोदीले बिमस्टेक शिखर सम्मेलनमा ल्याएको अनौपचारिक प्रस्तावलाई एक सार्वभौम र स्वतन्त्र मुलुकको सरकार र सेनाले मान्नैपर्छ भन्ने छैन । भारतीय मिडियाहरुले नेपालको निर्णयप्रति भारत असन्तुष्ट रहेको र यसले दुई देशबीचको सम्बन्धमा अविश्वास सिर्जना गर्ने उल्लेख गरेका छन् । टाइम्स अफ इन्डियाको ११ सेप्टेम्बरको अंकमा नेपालको निर्णय एकदमै गलत समयमा भएको र यसले भारतलाई चोट दिएको लेखिएको छ । पूर्व विदेश सचिव कमल सिब्बलाई उद्धृत गर्दै नेपालको यो कदमले भारतसँगको सम्बन्धमा असर पर्ने जनाइएको छ । आगामी साता नेपाल र चीनबीच संयुक्त सैन्य अभ्यास हुन गइरहेको पृष्ठभूमिमा नेपालले पुणेको सैन्य अभ्यासमा भाग लिएको भए सन्तुलन हुने धारणा उनको छ । यस्ता कदमले भारतको धारणा बदलिने र यसको मूल्य भविष्यमा नेपालले संकट व्यहोर्दा मात्र थाहा हुनेछ । सिब्बलाई उद्धृत गर्दै टाइम्स अफ इन्डियाले लेखेको छ । यसैगरी दैनिक हिन्दुस्तान टाइम्सले 'नेपालको यो निर्णयले भारत र पूरै बिमस्टेकलाई लज्जास्पद स्थितिमा पुर्‍याएको जनाएको छ ।

नेपालको बिमस्टेक सैन्य अभ्यासमा भाग नलिने निर्णयलाई कतिपय भारतीय सञ्चार माध्यमहरुले नेपाल र चीनबीच हालै काठमाडौंमाभएको पारवहन प्रोटोकल समझदारीसँग जोडिर हेरेका छन् । सैन्य अभ्यासमा भाग नलिने निर्णय र पारवहन प्रोटोकल समझदारीका सम्बन्धमा भारतले नेपालसमक्ष असन्तुष्टि जनाएको भारतको अंग्रेजी अनलाइन न्युज पोर्टल द प्रिन्टले जनाएको छ । सो पत्रिकाले नेपालको निर्णय प्रधानमन्त्री नरेन्द्र मोदीका लागि गैरकूटनीतिक प्रहारका रुपमा रहेको उल्लेख गरेको छ । बंगलादेशले पनि संयुक्त सैन्य अभ्यासमा सेना पठाएको छैन । तर यसबारे भारतीय कूटनीतिक विश्लेषकहरुले कुनै टिप्पणी गरेका छैनन् । संयुक्त सैन्य अभ्यासमा नेपाल सामेल नहुने अग्रिम जानकारी प्रम ओलीले भारतीय समकक्षी प्रम मोदीलाई दिएको बालुवाटार स्रोतको भनाइ छ । भारतीय सञ्चार माध्यमहरुले बंगलादेशबारे केही उल्लेख नगर्न र नेपाललाई मात्र खेद्नु नेपालको असन्तुलित कूटनीतिको परिणाम हो कि भन्ने विश्लेषण समेत गरिँदैछ ।

नेपाल र भारतबीच विगत १३ वर्षदेखि 'सूर्यकिरण' अभ्यासका नाममा संयुक्त सैन्य अभ्यास हुँदै आएको छ । यो अभ्यास प्रतिआतंकवाद (काउन्टर टेरोरिजम) मा केन्द्रित छ । नेपाल र भारतका ३०० जना सैन्य अधिकारीहरु सो संयुक्त सैन्य अभ्यासमा सरिक हुने गरेका छन् । नेपालले चीनसँग पनि संयुक्त सैन्य अभ्यास गर्दै आएको छ । आगामी साता नेपाल चीन संयुक्त सैन्य अभ्यास हुँदैछ । तर भारतले बिमस्टेक संयुक्त सैन्य अभ्यासमा भाग नलिएको विषयलाई उछाल्दै नाकाबन्दी लगाउन सक्ने संकेत दिएको छ । भारतीय सेनाका एक अधिकारी दानवीर सिंह चौहानले ट्वीटमार्फत नेपाल भारत मित्रता अब तोड्नुपर्ने बताएका छन् । यतिमात्र होइन, उनले भारतीय गोर्खा सैनिकलाई भारत छोड भन्नुपर्ने उल्लेख गरेका छन् । उनले नेपाल भारत सीमामा पासपोर्ट प्रणाली अपनाउनुपर्ने भनेका छन् । चौहानले हिमालपारिबाट अब नेपालले विश्वसँग जोडिनुपर्ने भन्दै परोक्ष रुपमा पुनः नाकाबन्दीको संकेत गरेका छन् । थाइल्यान्ड बंगलादेशले पुणेको संयुक्त सैन्य अभ्यासमा भाग नलिँदा उनीहरु भारत विरोधी नहुने तर नेपालले भाग नलिँदा नेपाल भारत विरोधी हुने कस्तो विरोधाभासपूर्ण ठम्याई भारतको ?